# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
## २०७९

## भैरवी गाउँपालिका
### दैलेख





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## भैरवी गाउँपालिका

## दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौँ वार्षिक प्रतिवेदन

# २०७९

## भैरवी गाउँपालिका

### दैलेख

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

नेपाल
२०१६

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. : ८७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
भैरवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दैलेख ।

**कैफियत सहितको राय**

हामीले भैरवी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रू.९ करोड ५८ लाख ६८ हजार बेरुजू देखिएको छ। सो मध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२ करोड २३ लाख २९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ करोड १८ लाख १८ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १ लाख २१ हजार र पेश्की रु.१६ लाख रहेको छ। पालिकाको गतवर्ष सम्म रु.१८ करोड ५६ लाख ५९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२८ करोड १५ लाख २७ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# भैरवी गाउँपालिका, दैलेख

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

***(रु. हजारमा)***

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४६ | २६१ | ९५८६८ | ० | ० | ० | ४६ | २६१ | ९५८६८ | २२३२९ | २०१२१ | ५१८१८ | ० | ० | ७१९३९ | १६०० |

### 1.2 प्रतिक्रियाबाट फस्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| **क्र.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

***(रु. हजारमा)***

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भैरवी गाउँपालिका दैलेख | १८५६५९ | ० | ० | १८५६५९ | ० | ९५८६८ | २८१५२७ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : भैरवी गाउँपालिका, दैलेख , भैरबी गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhalaram Pangali | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Gopal oli | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९५,८६७,९७७.४३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ११,३४,५३,७६९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,९७,४७,९७७ | **चालु खर्च** | २५,२५,४०,७३८ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,०६,७६,०९० | **पूँजीगत खर्च** | १५,५७,०५,१८२ |
| **राजश्व बाँडफाँट** | ६,३८,२८,३९२ | **वित्तीय/अन्य व्यवस्था** | १४,५८,६७,७२९ |
| **आन्तरिक आय** | ४८,२४,३१० | | |
| **अन्य आय** | १७,२४,८९,८५५ | | |
| **कुल आय** | ५६,१५,६६,६२४ | **कुल खर्च** | ५५,४१,१३,६४९ |
| **बाँकी मौज्दात** | | १२,०९,०६,७४४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३७ सभा सदस्य, ११०.४३ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार २ सय ३३ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **वित्तीय विवरण विश्लेषणः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

<table>
<tr><th colspan="5">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><th>विवरण</th><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>५१३६२५०११</td><td>४४८५१९३३७</td><td>५००००००</td><td>४५३५१९३३७</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>४४१००६४८९</td><td>३८५००७७८६</td><td>५००००००</td><td>३९०००७७८६</td></tr>
<tr><td>११००० कर</td><td>७४४४९२८९</td><td>६४५८२८१५</td><td>०</td><td>६४५८२८१५</td></tr>
<tr><td>१३००० अनुदान</td><td>३६२७४७०००</td><td>३१६०२४०६७</td><td>५००००००</td><td>३२१०२४०६७</td></tr>
<tr><td>संघीय सरकार</td><td>३२५०१९०००</td><td>२८५३४७९७७</td><td>५००००००</td><td>२९०३४७९७७</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश सरकार | ३७७२८००० | ३०६७६०९० | ० | ३०६७६०९० | |
| | | | १४००० अन्य राजस्व | ३६१०२०० | ४१२०१६४ | ० | ४१२०१६४ | |
| | | | १५००० विविध प्राप्ति | २००००० | २८०७४० | ० | २८०७४० | |
| | | | ख. अन्य प्राप्ति | ७२६१८५२२ | ६३५११५५१ | | ६३५११५५१ | |
| | | | वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | |
| | | | कोषहरु | ७२६१८५२२ | ५९६६१०८४ | ० | ५९६६१०८४ | |
| | | | धरौटी | ० | ३८५०४६७ | ० | ३८५०४६७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६०७६२५०११ | ४४१०६६३६२ | ५०००००० | ४४६०६६३६२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५३५००६४८९ | ४०३२४५९२० | ५०००००० | ४०८२४५९२० |
| २१००० पारिश्रमिक / सुविधा | ११५४९४२८९ | १०४२८४२४१ | ० | १०४२८४२४१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १२०७४०२०० | ८९१११५९० | २०००००० | ९११११५९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २५००० सहायता (Subsidy) | ५८४१७००० | ४४९०१८०१ | ० | ४४९०१८०१ | |
| | | | २६००० अनुदान | ० | ० | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | १३९४७००० | १०२७५४१० | ० | १०२७५४१० | |
| | | | २८००० अन्य खर्च | २४००००० | १९६७६९६ | ० | १९६७६९६ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २२४००८००० | १५२७०५१८२ | ३०००००० | १५५७०५१८२ | |
| | | | घ. अन्य भूक्तानी | ७२६१८५२२ | ३७८२०४४२ | | ३७८२०४४२ | |
| | | | कोषहरु | ७२६१८५२२ | ३५२२०९१४ | ० | ३५२२०९१४ | |
| | | | धरौटी | ० | ६८२४११९ | ० | ६८२४११९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -४२२४५९१ | | -४२२४५९१ | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | -९४००००० | ७४५२९७५ | | ७४५२९७५ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ११३४५३७६९ | | ११३४५३७६९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>-९४००००००</td><td>१२०९०६७४४</td><td></td><td>१२०९०६७४४</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td>१२०९०६७४४</td><td></td><td>१२०९०६७४४</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.१</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ७,६६,५७६।- र पुँजीगत खर्च खातामा रु. ८५,०८,६६८।- मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.२</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १२,११,६७,०७६ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ११,३४,५३,७६९।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ७७,१३,३०७।- घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.</td><td>७,७१३,३०७</td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा म.ले.प.फा.नं. २७२ को अनुसुची २४ अनुसार स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार श्रेस्तामा भन्दा बैंकमा रु. ३,५२,८००।- घटी रकम देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्ने रु.<table>
<tr><td></td><td>खाताको नाम</td><td>श्रेस्ता अनुसार बाँकी</td><td>बैंक स्टेटमेण्ट अनुसार बाँकी</td><td>फरक</td></tr>
<tr><td>१</td><td>आन्तरिक राजस्व खाता</td><td>-</td><td>-</td><td>-</td></tr>
</table></td><td>३५२,८००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>बाँडफाडबाट प्राप्त राजस्व</td><td>३५२८००</td><td>०</td><td>(३५२८००)</td></tr>
<tr><td>३</td><td>आन्तरिक अनुदान खाता</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>४</td><td>चालु खर्च खाता</td><td>५४७६७६</td><td>७३६५७६</td><td>१८८९००</td></tr>
<tr><td>५</td><td>पूँजीगत खर्च खाता</td><td>७७२५६६५</td><td>८५०८६६८</td><td>७८३००३</td></tr>
<tr><td>६</td><td>विविध खर्च खाता</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>७</td><td>स्थानीय तह धरौटी खाता</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>८</td><td>स्थानीय तह संचित कोष</td><td>७०९५८९६६</td><td>८४०५८१५८</td><td>१३०९९१९२</td></tr>
<tr><td>९</td><td>स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td colspan="4">जम्मा रु</td><td>१४४२३८९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.४</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८,८८,६९,४८०।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,०२,४७,०२५।- मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आय आर्जन कार्यक्रमको रु. १,६९,५७,३३६।-, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ५०,०००।-, सामाजिक विकास मन्त्रालयको रु. ९,७१,११८।- र मुख्य मन्त्री रोजगार, उद्यमशीलता तथा आय आर्जन कार्यक्रमको रु. १,०५,०००।- समेत गरी रु. १२,७१,९९,९५९।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४</td><td></td><td></td><td>अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>विविध कोषमा जम्मा: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघिय कोषबाट वित्तीय हस्तान्तरण भएको रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले आर्थिक वर्षको अन्त्यमा खर्च नभएको रकम फिर्ता गर्नु पर्नेमा विविध कोषमा जम्मा गरेको देखियो । नियमानुसार फिर्ता गर्नुपर्ने रकम विविध कोषमा सार्न मिल्दैन । सशर्त अनुदान रकम विविध कोषमा सार्न निर्णय गर्ने र सार्ने दुवैलाई जिम्मेवार बनाई निम्न शिर्षकबाट सारेको रकम सम्बन्धित संचितकोषमा फिर्ता हुनु पर्ने रु.
<table>
<tr><td>क्र.सं.</td><td>ट्रान्सफर गरेको खर्च शिर्षक</td><td>ट्रान्सफर रकम</td></tr>
<tr><td>१</td><td>शसर्त अनुदान चालु</td><td>७३९००००</td></tr>
<tr><td>२</td><td>शसर्त अनुदान पूजिगत</td><td>१९६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७०४००००</td></tr>
</table></td><td>२७,०४०,०००</td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>अनुदान फिर्ता - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची २१) अनुसार २०७९ असार मसान्तमा बाँकी रहेकोमा मिति २०७९।६।१३ मा रु. ६८,४४,६५६।- फिर्ता गरेको पाइयो । तोकिएको समयमा रकम फिर्ता गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्नेमा लागू गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु निम्न बमोजिम रहेका छन्:<br><br>:<br><br>पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· कार्यालयले उद्‌देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएको हुँदा सार्वजनिक सेवा प्रवाह र आर्थिक प्रशासन कमजोर भई कार्य प्रभावकारीतामा असर पर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट तथा कार्यक्रमः** | |
| ६.१ | | | **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ६.२ | | | **बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६.३ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.४८ लाख २ हजार ३ सय २६ राजस्व बाँडफाँट र अनुदानबाट रु.५ करोड ३३ लाख १२ हजार समेत रु.५ करोड ८१ लाख १५ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २५,२५,४०,७३८ ।- र पूँजिगत तर्फ रु. १५,५७,०५,१८२ ।- समेत रु. ४०,८२,४५,९२० ।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१७ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ६८,७३,४०० ।- खर्च भएको छ जुन आन्तरिक आयको १४३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४ प्रतिशत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | चालु र ३६ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६.४ | | | **त्रैमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | चालु खर्च तर्फ | २५२५४०७३८ | ५५८०५५०२ | २७५२१२४० | ५५५१७८७६ | ११३९९६१२० | ८२८४२४९९ |
| २ | पूँजिगत खर्च तर्फ | १५५७०५१८२ | २२२९३६४ | १३३१८७७७ | २६५५०८५३ | ११३६०६१८८ | ८६८०४२५६ |
| जम्मा खर्च | | ४०८२४५९२० | ५८०३४८६६ | ४०८४००१७ | ८२०६८७२९ | २२७६०२३०८ | १६९६४६७५५ |
| जम्मा खर्चको तुलनामा | | | १४ | १० | २० | ५६ | ४२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४०,८२,४५,९२०।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.५,८०,३४,८६६।- अर्थात १४ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ४,०८,४०,०१७।- अर्थात १० प्रतिशत, तेस्रो त्रैमासिकमा रु. ८,२०,६८,७२९।- अर्थात २० प्रतिशत र चौथो त्रैमासिकमा रु. २२,७६,०२,३०८।- अर्थात ५६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १६,९६,४६,७५५।- अर्थात ४२ प्रतिशत खर्च देखिनुले

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका उपाध्यक्ष श्री पदमकुमारी विष्टले मिति २०७८।०३।१० गते रु. ५३ करोड ५० लाख ६ हजार ४ सय ८९ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०६।०८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.६</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>५६०२६०००</td><td>४१२४६५०८</td><td>१०</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>२४८२०७०००</td><td>२०५४८६९८३</td><td>५०</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१२०१२८०००</td><td>८१५०६३४१</td><td>२०</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१२६१२०००</td><td>७४८८०२४</td><td>२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>९८०३३४८९</td><td>७२५१८०६४</td><td>१८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५३५००६४८९</td><td>४०८२४५९२०</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रकम रु. ५३,५०,०६,४८९।- मा सबैभन्दा बढी सामाजिक विकासमा ४५ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २ प्रतिशत खर्च रहेको छ । त्यस्तै वातावरण तथा विकासमा शून्य प्रगती रहेको छ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापनः</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा ४८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी अनुसार पदपूर्ति नभई ३ वडामा रिक्त रहेको पाइयो। पञ्जिकरण लगायत वडाको सेवा प्रवाहमा असर पर्ने देखिएकोले रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>७</td><td>७</td><td>४</td><td>३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.३</td><td></td><td></td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ६४,३८,४७०।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>पद</th><th>नियुक्ति संख्या</th><th>तलव भत्ता रु.</th></tr>
<tr><td>अधिकृत छैठौं</td><td>१</td><td>५०३८७०</td></tr>
<tr><td>सहायक पाचौं</td><td>१</td><td>४०२६००</td></tr>
<tr><td>सहायक चौथो</td><td>१५</td><td>५५३२०००</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>६४३८४७०</td></tr>
</table></td><td>६,४३८,४७०</td></tr>
<tr><td>७.४</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष ०७७।७८ को रु. ७,३३,०७९।- र ०७८।७९ को रु. १०,८६,५९१।-लागि विभिन्न कर्मचारीलाई प्रोत्साहन भत्ता खर्च तथा प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता भुक्तानी गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.</td><td>१,८१९,६७०</td></tr>
<tr><td>८</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयनः</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ५ वटा नियमावली, २६ कार्यविधि लगायत ३९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| ८.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो बर्ष थप भएको २ गरी कुल ६ विवाद दर्ता भएकोमा कुनै पनि विवाद फस्र्यौट नभई बाँकी देखिन्छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ९ | | | **आर्थिक सहायता र अन्य विविध खर्चः** | |
| ९.१ | | | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ४ लाख आर्थिक सहायता वितरण गरेका छन् । मापदण्ड नबनाई आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९.२ | | | **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २४ लाख २९ हजार खर्च गरेको छ । मापदण्ड बनाई विविध खर्चमा मितव्ययी गर्नुपर्दछ । | |
| १० | | | **धरौटी फिर्ताः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२)क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको मुल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरि धरौटी फिर्ता गर्ने गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.<br>क्र.सं. \| निर्माण व्यवसायीको नाम \| धरौटी रकम | ३,९८५,३६५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>कमल निर्माण सेवा</td><td>९९०५०</td></tr>
<tr><td>२</td><td>आर आर एस कन्स्ट्रक्सन</td><td>१८४६०९</td></tr>
<tr><td>३</td><td>शितल एग्रो विजनेश प्रा ली</td><td>२७०८५०</td></tr>
<tr><td>४</td><td>भैरवी कालिका निर्माण सेवा</td><td>७३९०५७</td></tr>
<tr><td>५</td><td>मनिषा एस एस कन्स्ट्रक्सन प्रा ली</td><td>१६३१०००</td></tr>
<tr><td>६</td><td>भैरब कालिका निर्माण सेवा</td><td>७२१११४</td></tr>
<tr><td>७</td><td>बडिमालिका निर्माण सेवा</td><td>६२२६९</td></tr>
<tr><td>८</td><td>हाम्रो निर्माण सेवा</td><td>२१३४१६</td></tr>
<tr><td>९</td><td>विनोद फार्मेसी</td><td>६४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३९८५३६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>सेवाप्रवाहको स्थितिः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ८ वटा ऐन, ५वटा नियमावली र २६ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td>०</td></tr>
<tr><td>जन्मदर्ता</td><td>९९१</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१५५</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१०६</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२६७</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पुर्वाधार निर्माणको लक्ष्य सहित प्रगति हासिल गर्नुपर्नेमा पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । वस्ती विकासको कामलाई व्यवस्थित गर्न घर नक्सा पासलाई प्राथमिकता दिनुपर्दछ । | |
| १३ | | | **आन्तरिक आय तथा राजस्वः** | |
| १३.१ | | | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकाले अद्यावधिक गरी रकम यकिन गरेको छैन । अघिल्लो आर्थिक वर्षको बाँकी रसिदको अवस्था यकिन छैन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गरी आम्दानी भएको राजस्व यकिन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| १३.२ | | | **राजश्व दाखिला :** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा कार्यालयले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| १३.३ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. ४८ लाख २ हजार ३ सय २६ अर्थात | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुमानको ८७ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन जरुरी छ । | |
| १३.४ | | | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर(११३१) | ५०००००० | ० | ० |
| घरजग्गा वहाल कर(११३२१) | ६२०००० | ८५४६३५ | १३८ |
| व्यवसाय कर(१४२५३) | ५०००० | १००० | २ |
| वहाल विरौटी शुल्क(११३२२) | २०००० | ० | ० |
| सिफारिस शुल्क(१४२४३) | ५००००० | ३४६९०४ | ६९ |
| भुमी मालपोत(११३१४) | ५००००० | ४७४७९१ | ९५ |
| कृषि तथा पशुपंक्षीमा लाग्ने शुल्क(११६३१) | १०००० | ० | ० |
| अन्य कर(११६९१) | १५०००० | ३१६०० | २१ |
| वित्तिय निकायवाट प्राप्त कर (१४१११) | ५०००० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| न्यायिक दस्तुर(१४२२१) | ५०००० | ० | ० |
| परीक्षा शुल्क (१४२२४) | १००००० | २५१०० | २५ |
| अन्य प्रशासनिक शुल्क (१४२२९) | १०००००० | ३११६५ | ३ |
| नक्सापास (१४२४२) | १००००० | ० | ० |
| व्यक्तिगत घटना दर्ता (१४२४४) | ३००००० | १०६३१५ | ३५ |
| नाता प्रमाणित (१४२४५) | ५००००० | १९३६४ | ४ |
| व्यवसाय रजिस्ट्रेशन दस्तुर (१४२५३) | ५०००० | १००० | २ |
| न्यायिक दण्ड जरिवाना (१४३११) | ५०००० | ४६२० | ९ |
| प्रशासनिक दण्ड जरिवाना (१४३१२) | ५००००० | १०००० | २ |
| धरौटी सदर स्याहा(१४३१३) | ५०००० | ० | ० |
| अन्य राजस्व(१४५२९) | २००००० | २६१६०९२ | १३०८ |
| बेरुजु(१५१११) | २००००० | २८०७०४ | १४० |
| | ५५००००० | ४८०२३२६ | ८७.३१ |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३.५</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>४०८२४५९२०</td><td>४८०२३२६</td><td>१.१७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षणः</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>सम्पत्ति व्यवस्थापन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाले सम्पत्तिको व्यवस्थित अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । हस्तान्तरण भई आएको र खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । साथै नेपाल सरकारको २०७७।७।२० को निर्णय अनुसार लागू भएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आंशिक मात्र प्रयोग गरेको पाइएकोले सम्पत्ति व्यवस्थापनमा आवश्यक सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>जिन्सि दाखिलाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । निम्न वडाहरुले खरिद गरेका जिन्सी सामानहरु पालिकाको जिन्सी खातामा दाखिला नभएको र जिन्सी निरीक्षण प्रतिवेदनमा पनि उल्लेख नभएकोले मूल्य खुलाई आम्दानी जनाउने अन्यथा खरिद विल पेश गर्नेबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>विवरण</th><th>थान</th><th>दर रु</th><th>जम्मा रकम रु</th></tr>
<tr><td>१४२।२०७९।३।५</td><td>स्टील कुर्सी</td><td>१</td><td>१२४००</td><td>१२४००</td></tr>
</table></td><td>१०९,७००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3"></td><td>कुर्ची</td><td>६</td><td>८००</td><td>४८००</td></tr>
<tr><td>टेवुल</td><td>१</td><td>७०००</td><td>७०००</td></tr>
<tr><td>फलामे होडिङ बोर्ड</td><td>९</td><td>६०००</td><td>५४०००</td></tr>
<tr><td>१६१।२०७९।१।९</td><td>फर्निचर</td><td></td><td></td><td>३१५००</td></tr>
<tr><td colspan="4">जम्मा रु</td><td>१०९७००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>पेश्की व्यवस्थापनः</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>बढी पेश्की: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ शैयाको अस्पताल निर्माण गर्न रु. १४,७७,३३,२३१।- को लागत अनुमान तयार गरी ड्रागन बिकोन जे भि को कबोल अंक रु. ११,२१,६६,०२२।७६ मा सम्झौता गरेकोमा सम्झौता अनुसार पेश्की रकम १० प्रतिशत अर्थात रु. १,१२,१६,६०२।२७ मात्र भुक्तानी गर्न मिल्नेमा पालिकाले रु. २ करोड अर्थात रु. ८७,८३,३९७।७३ बढी भुक्तानी गरेकोले उक्त पेश्की व्याज समेत असुल फस्यौंट गर्नुपर्ने रु.</td><td>८,७८३,३९७.७३</td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>अग्रिम पेश्की जमानत: सार्वजनिक खरिद नियमावली, २०६४ को ११३ (४) मा पेश्की फस्योंट गर्नुपर्ने अवधि भन्दा एक महिना बढीको पेश्की जमानत हुनुपर्ने उल्लेख छ । पालिकाले गिता चौर रावतकार सिंचाईकुलो निर्माण को योजनामा भवानी कालिका कन्स्ट्रक्सन प्रा. ली. लाई पेश्की रकम भुक्तानी गर्दा पेश गरेको अग्रिम पेश्की जमानतको म्याद सकिएको र सो पेश्की हाल सम्म पनि फस्यौंट नगरेकोले अग्रिम पेश्की असुल/फस्यौंट भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१३०,०००</td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>म्याद नाघेको पेश्की : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७( ४) बमोजिम पेश्की फस्यौंट हुनुपर्दछ । त्यस्तै नियम ५१ (१) अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फस्यौंटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १०% का दरले ब्याज लगाई समेत असुल गरीने भन्ने उल्लेख छ । प्राप्त विवरण अनुसार पेश्की फस्यौंट नभई बाँकी रहेकाले नियमानुसार असुल फस्यौंट हुनुपर्ने रू.</td><td>१,६००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पेश्कीको विवरण</td><td>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td>म्याद नाघेको</td></tr>
<tr><td>सामाजिक व्यवहार परिवर्तन कार्यक्रम</td><td>धुव्र कुमार आचार्य</td><td>१,००,०००.००</td></tr>
<tr><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>सुरक्षित नागरिक आवास ७ जना</td><td>२,१०,०००.००</td></tr>
<tr><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>सुरक्षित नागरिक आवास ३४ जना</td><td>१०,२०,०००.००</td></tr>
<tr><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>सुरक्षित नागरिक आवास ९ जना</td><td>२,७०,०००.००</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>१६०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.४</td><td></td><td></td><td>म्याद ननाघेको पेश्की - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार रु. २,१३,००,०००।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट गर्नुपर्दछ ।
<table>
<tr><td>पेश्कीकोविवरण</td><td>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td>म्याद ननाघेको</td></tr>
<tr><td>१५ शैया अस्पताल</td><td>ड्रागन बिकोन जे भि</td><td>२००००००००</td></tr>
<tr><td>गिताचौर रावतकार सिंचाई कुलो निर्माण</td><td>भवानी कालीका कन्स्ट्रक्सन प्रा.ली.</td><td>१३०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२१३०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>योजनाको प्राथमिकीकरणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण,</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार १९५ वडाको लागि वडागत र पालिकास्तरका कुल १५३ योजनामा वजेट विनियोजन गरेको छ ।
<table>
<tr><td>क्र. सं.</td><td>कार्यक्रमको नाम</td><td>योजना सङ्ख्या</td><td>रु.२० लाखमाथिका योजना सङ्ख्या</td><td>रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या</td><td>रु.५लाखभन्दा कमका योजना सङ्ख्या</td></tr>
<tr><td>१.</td><td>पालिकास्तरीय</td><td>१५३</td><td>६</td><td>१५</td><td>१३२</td></tr>
<tr><td>२.</td><td>वडास्तरीय</td><td>१९५</td><td>१५</td><td>२०</td><td>१६०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>वितरणमुखी खर्चः<br><br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले जनजातीको मौलिकता संरक्षणका लागि कार्यक्रम शीर्षकबाट जनजाती महासंघलाई रु. ९८,५८०।- भुक्तानी गरिएको देखिन्छ ।यस्तो वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>गाडीभाडा ईन्धन तथा मर्मत:<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष सम्बन्धित शीर्षकमा बजेट विनियोजन गरी गाडी भाडामा रु. १३,६१,५००।- , ईन्धनमा रु. २१,९०,०००।- र मर्मतमा रु. २२,७४,७४८।- खर्च गरेको देखियो । पालिकालाई अत्यावश्यक पर्ने क्षेत्रमा मात्र यस्ता खर्च गर्नुपर्नेमा आवश्यकताको पहिचान समेत नगरी गरीने यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सवारीसाधन खरिदः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागी सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. १२,३०,०००।- बजेटबाट खर्च गरेको छ। उक्त मोटरसाइकल कार्यालयको नाममा नामसारी गरेको पाइएन । अतः नामसारी गरेको ब्लु बूक पेश गरी निर्देशिका पालना नगर्ने संलग्न सबैलाई जिम्मेवार बनाई यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>डकुमेन्ट्री निर्माण:<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । सरकारी खर्च गर्दा उचित प्रतिफल दिने क्षेत्रमा खर्च गर्नु पर्दछ । पालिकाले निम्नानुसार डकुमेन्ट्रि निर्माण गरी रु. ३,६०,४७०।- भुक्तानी गरेकोमा उत्त डकुमेन्ट्रि उद्धेश्य बमोजिम प्रभावकारी हुने देखिएन । सरकारी खर्च प्रभावकारी क्षेत्रमा खर्च गर्नुपर्नेमा कार्यालयको अवश्यकता नभएको क्षेत्रमा खर्च गर्ने कार्य नियन्त्रण गरिनुपर्दछ ।<br><br><table><tr><th>भौ नं / मिति</th><th>विवरण</th><th>संस्था</th><th>जम्मा रु</th></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१८६।२०७९।३।२१</td><td>भिडियो निर्माण</td><td>सक्षम प्रकाशन प्रा लि</td><td>११०७४०</td></tr>
<tr><td>४९०।२०७९।३।२१</td><td>पालिकाको भिडियो निर्माण</td><td>सक्षम प्रकाशन प्रा लि</td><td>२४९७३०</td></tr>
<tr><td colspan="3">जम्मा रु</td><td>३६०४७०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख :<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु. ३७ लाख ५७ हजार कट्टी गरेको छ । कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>२३</td><td>२६६</td><td>२०७९-३-७</td><td>विद्युत पोल ढुवानी:<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्युतको पोल विभिन्न ठाउँमा ढुवानी गरे वापत रु. १,६१,५००।- खर्च लेखेको छ । उक्त पोलको अवस्थिति यकीन छैन । पोलहरु खरिद गरेको, वितरण गरेको, कहाँ देखि कहाँ सम्म ढुवानी भएको स्पष्ट नगरी खर्च गरेको रकम पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी दिनेबाट असुल गर्नुपर्ने रु.</td><td>१६१,५००</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>छात्रवृतिको अभिलेख अध्यावधिक नभएको:<br><br>पालिकाले नियमित विद्यालयको छात्रवृत्ति बाहेक नै यस वर्ष मात्र विज्ञान संकाय अध्ययनको लागि रु. २,००,०००।- छात्रवृत्ति भुक्तानी गरेको छ । सम्बन्धित विद्यार्थी कहिले देखि सो अध्ययन संस्थामा अध्ययन शुरु गरेको हो, कहिले सम्म कति छात्रवृत्ति रकम उपलब्ध गराउनुपर्ने र अध्ययन</td><td>२००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेको संस्थाबाट परीक्षा उत्तीर्ण गरेको तथा अध्ययनरत भएको प्रमाण वेगर नै रकम भुक्तानि गरेको तथा पालिकाको आन्तरिक आय वेगर नै समानीकरण अनुदानको रकमबाट छात्रवृत्ति रकम वितरण गरेकोमा अभिलेख अद्यावधिक गरी सो को प्रमाण,पुष्ट्याई पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>नाम</th><th>अध्ययनरत संस्था</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">४४३।२०७९।३।१३</td><td>ललिता मिजार</td><td></td><td>१००००००</td><td rowspan="2">प्लस टु अध्ययन</td></tr>
<tr><td>हेमा आचार्य</td><td></td><td>१००००००</td></tr>
<tr><td colspan="3">जम्मा रु</td><td>२००००००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>मर्मत सम्हारः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिले निर्माण गरेका योजनाहरू रेखदेख मर्मत सम्हार गर्ने काम समेत तोकि उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । हस्तान्तरित योजनाको मर्मत सम्हार उपभोक्ता समितिले आफै गर्नुपर्नेमा पालिकाले बडलम्जी खानेपानी योजनाको लागि ७ जना कर्मचारी नियुक्ती गरी रु. ५,००,०००।- खर्च लेखेको देखिएकोले उक्त खर्च भुक्तानी गर्न नमिल्ने रु.</td><td>५००,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>एभरेष्ट क्लब साझेदारी:<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (क) मा भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले एभरेष्ट क्लब सँगको साझेदारीमा प्रशासकीय भवनमा ढुंगाको तारजाली वाल निर्माण गर्न रु. ३,८९,४००।- भुक्तानी गरेकोमा सो को नापजाँच नगरी भुक्तानी दिनुका साथै कार्यप्रतिवेदन समेत बनाएको नदेखिएकोले खर्च प्रमाणित हुने प्रमाण पेश गर्नुपर्ने रु.</td><td>३८९,४००</td></tr>
<tr><td>२७</td><td>51</td><td>२०७८-१२-२०</td><td>इजरायल अध्ययनः</td><td>२००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले स्वेच्छिक रुपमा नै कृषि क्षेत्र विकास कार्यक्रम अन्तर्गत कृषि उद्यमि कार्यक्रमका लागि तिलक बहादुर थापालाई इजरायल पठाए वापत रु. २ लाख भुक्तानी दिएको छ । सो कार्यक्रम छनौटको आधार, सो मा संलग्न हुनुपर्ने प्रमाणित कागजात तथा इजरायल गए नगएको विवरण यकिन हुन नसकेकोले निर्णय तथा भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सम्बन्धित बाट असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>करार कर्मचारीलाई भत्ता भुक्तानीः<br><br>करारमा कार्यरत कर्मचारीहरुलाई कुनै पनि किसिमका भत्ता भुक्तानी दिन पाउने व्यवस्था छैन । पालिकाले निम्न कर्मचारीहरुलाई वर्ष भरी स्थानीय भत्ता र महंगी भत्ता भुक्तानी गरेकोले सो रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>नाम</th><th>पद</th><th>स्थानीय भत्ता</th><th>महंगी भत्ता</th><th>वार्षिक भुक्तानी</th></tr>
<tr><td>१</td><td>नमराज थापा</td><td>क अ</td><td>४६००</td><td></td><td>५५२००</td></tr>
<tr><td>२</td><td>लंक बहादुर विष्ट</td><td>का स</td><td>३५५०</td><td></td><td>४२६००</td></tr>
<tr><td>३</td><td>खेम बहादुर बुढा</td><td>क अ</td><td>५५१०</td><td></td><td>६६१२०</td></tr>
<tr><td>४</td><td>पदम बहादुर महतारा</td><td>स ई</td><td></td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td>५</td><td>भावना कुमारी शाही</td><td>का स</td><td></td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td>६</td><td>मणिराम लामिछाने</td><td>का स</td><td></td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td>७</td><td>थिर बहादुर कार्की</td><td>का स</td><td></td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td>८</td><td>खगेन्द्र बहादुर विष्ट</td><td>का स</td><td></td><td>२०००</td><td>२४०००</td></tr>
</table></td><td>४४२,३२०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>घनश्याम रिजाल</td><td>सहायक</td><td>४६००</td><td></td><td>५५२००</td></tr>
<tr><td>१०</td><td>प्रेम बहादुर थापा</td><td>खरिदार</td><td>४६००</td><td></td><td>५५२००</td></tr>
<tr><td>११</td><td>चक्र बहादुर थापा</td><td>का स</td><td></td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td>१२</td><td>विकास विष्ट</td><td>इन्जिनियर</td><td></td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td colspan="5">जम्मा रकम रु</td><td>४४२३२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>भ्रमण खर्चः<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| २९.१ | | | **स्थानिय भत्ताः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैंनिक भत्ता उपभोग गरेको अवधी भर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । नियममा भएको व्यवस्था विपरित पालिकाबाट देहायका कर्मचारीले निम्नानुसारको दिनको दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु. | ३८,२०० |

| क्र सं | नाम | पद | रकम रु |
|---|---|---|---|
| १ | हरी बहादुर थापा | अधिकृत छैटौं | ३५०० |
| २ | धुर्व कुमार आचार्य | ज स्वा नि | १२०० |
| ३ | उमेशजङ्ग कार्कि | शिक्षा अधिकृत | १५०० |
| ४ | चेतन लामिछाने | ना सु | ५००० |
| ५ | मधुसुदन उपाध्याय | सहायक पाँचौ | २५०० |
| ६ | जगत बहादुर बिष्ट | ना प्रा स | २५०० |
| ७ | हेम बहादुर थापा | सहायक चौंथो | ४००० |
| ८ | याम्पी कुमार थापा | सहायक चौंथो | १५०० |
| ९ | लक्ष्मी कुमारी महतारा | सहायक चौंथो | ३००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>दिपेन्द्र बहादुर थापा</td><td>ना प्रा स</td><td>२५००</td></tr>
<tr><td>११</td><td>केशव शर्मा</td><td>ना प्रा स</td><td>३५००</td></tr>
<tr><td>१२</td><td>जगत रिजाल</td><td></td><td>१५००</td></tr>
<tr><td>१३</td><td>देवेन्द्र भण्डारी</td><td>ना प्रा स</td><td>१५००</td></tr>
<tr><td>१४</td><td>प्रेम बहादुर थापा</td><td>सहायक चौँथो</td><td>३०००</td></tr>
<tr><td>१५</td><td>अविशेक गुरुङ</td><td>सहायक चौँथो</td><td>१५००</td></tr>
<tr><td></td><td>जम्मा रु</td><td></td><td>३८२००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>भ्रमण भत्ताः कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ अनुसार अनुसुचि-२ को द्रस्टव्य बमोजिम सरकारी कामकाजकोलागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र अनुसुचि बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुने व्यवस्था छ । पालिकाले गो.भौ.नं ४३६।२०७९।३।१२ बाट वडा नं ७ का अध्यक्ष श्री छविराम आचार्य कामकाजको लागि दैलेख बजार गएको दैनिक भ्रमण भत्ता भुक्तानी गर्न नमिल्ने हुँदा असूल गर्नुपर्ने रु.</td><td>६,३००</td></tr>
<tr><td>२९.३</td><td></td><td></td><td>नमिल्ने भ्रमण खर्चः भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (८) मा रात विताउनुपर्ने गरी खटिएको स्थानदेखि पन्ध्र किलोमिटरभित्र भ्रमण वा काजमा रहँदा दैनिक भत्ता खर्च नपाउने व्यवस्था छ । निम्न कर्मचारीले पालिका भित्रको विद्यालय काज गएको जनाई भ्रमण खर्च भुक्तानी गरिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><td>भौ नं / मिति</td><td>कर्मचारीको नाम</td><td>पद</td><td>भ्रमण गर्ने स्थान</td><td>अवधि</td><td>जम्मा रु</td></tr>
<tr><td rowspan="2">४४०।२०७९।३।१३</td><td>चक्र प्रसाद आचार्य</td><td>क अ</td><td>हिमालय मा वि</td><td>५ दिन</td><td>६०००</td></tr>
<tr><td>ऋषि प्रसाद शर्मा</td><td>निमावि शिक्षक</td><td>हिमालय मा वि</td><td>५ दिन</td><td>६०००</td></tr>
</table>
</td><td>१२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा रु \| १२००० | |
| २९.४ | | | **प्रयोजन बेगर भ्रमणः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ मा भ्रमण खर्च लिने प्रयोजनका लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्टा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्टा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम निजले पाउने तलबबाट कट्टा गरी लिइने व्यवस्था छ । भ्रमण आदेश स्वीकृत गर्दा प्रयोजन स्पष्ट हुनुपर्ने व्यवस्था भएबमोजिम निम्न कर्मचारीलाई भ्रमण खर्च वापत भुक्तानी गर्दा भ्रमण प्रयोजन कार्यालयको कामसँग सम्बन्धित नदेखिएकोले सो रकम रु. ९६,८१२ ।- भुक्तानी दिन मिल्ने नदेखिएकोले असुल गर्नुपर्ने रु. | ९६,८१२ |

| भौ नं / मिति | नाम थर | पद | भ्रमण अवधि | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १४१।२०७९।३।१ | सरस्वती जैसी पौड्याल | एम आई एस अपरेटर | ५ दिन | ७१०० | प्रयोजन नमिलेको ल्यापटप मर्मत सुर्खेत |
| ९।२०७८।६।२५ | जगत बहादुर विष्ट | ना प स्वा प्रा | ५ दिन | ३४४१ | मोटरसाईकल मर्मत गर्न सुर्खेत गएको |
| २२३।२०७८।१२।५ | दिपक कुमार खनाल | प्रा स | ६ दिन | ६१२८ | ल्यापटप मर्मत गर्न सुर्खेत गएको |
| २२८।२०७८।१२।८ | दिपकराज घिमिरे | अ स ई | ५ दिन | ५१०० | मोटरसाईकल मर्मत गर्न सुर्खेत गएको |
| २४३।२०७८।१२।१९ | नमराज थापा | वडा सचिव | ६ दिन | ५५३५ | ल्यापटप मर्मत गर्न सुर्खेत गएको |
| २३९।२०७८।१२।१८ | शमशेर बहादुर विष्ट | ज स्वा नि | ७ दिन | १००३८ | मोटरसाईकल मर्मत गर्न नेपालगञ्ज गएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १७३।२०७८।१०।२४ | विकास विष्ट | इन्जिनियरिङ छैटौं | ४ दिन | ५२८० | मोटरसाईकल सर्भिसिङ्का लागि सुर्खेत |
| ३०४।२०७९।१।१८ | तुल्सी आचार्य | उ वि स | ५ दिन | ७१०० | ल्यापटप मर्मत गर्न सुर्खेत गएको |
| ३१०।२०७९।१।२१ | केशव शर्मा | ना प्रा स | ५ दिन | १६०० | मोटरसाईकल मर्मत सुर्खेत |
| १९१।२०७८।११।१३ | पदम बहादुर महतारा | स ई | ५ दिन | ६१०० | मर्मत गर्न गएको गाडी भाडा वापतको रकम |
| १७०।२०७८।१०।२४ | लक्ष्मी कुमारी महतारा | वडा सचिव | ५ दिन | ८१०० | ल्यापटप मर्मत गर्न सुर्खेत गएको |
| ४०।२०७८।९।१६ | सरस्वती जैसी पौड्याल | एम आई एस अपरेटर | ५ दिन | ६९०० | प्रयोजन नमिलेको ल्यापटप मर्मत सुर्खेत |
| ७३।२०७८।११।२ | प्रदिप खनाल | इन्जिनियर | ७ दिन | १४३४५ | मोटरसाईकल मर्मत नेपालगञ्ज |
| २३६।२०७९।२।२५ | विष्णु बहादुर शाही | | ५ दिन | १००४५ | मोटरसाईकल मर्मत सुर्खेत |
| जम्मा रु | | | | ९६८१२ | |

| | | | | |
|---|---|---|---|---|
| ३० | | | **बैठक भत्ताः** | २९६,२०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अर्थमन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको कार्य संचालन निर्देशिका, २०७७ को दफा ७.१.१ वैठक भत्ताको मापदण्ड सि.नं. १ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी वस्ने वैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ । पालीकाले विभिन्न समयमा विभिन्न समिति तथा कार्यहरुमा भएको बैठक वापत कार्यालयकै कर्मचारी तथा पदाधिकारी मात्र उपस्थिति भएकोमा बैठक भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएको असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>विवरण</th><th>जम्मा रु</th><th>कैफियत</th></tr>
<tr><td>१५५|२०७९|३|९</td><td>४०</td><td>५१०००</td><td>लघु वित्तमा पहुँच कार्यक्रम</td></tr>
<tr><td>१६१|२०७९|३|१२</td><td>८</td><td>८०००</td><td>खरिद समितिको बैठक</td></tr>
<tr><td>१६३|२०७९|३|१३</td><td>२०</td><td>२५५००</td><td>महिला बालबालिका तथा अन्य व्यक्तिको तथ्यांक संकलन</td></tr>
<tr><td>३१३|२०७९|१|२१</td><td>१५</td><td>१५०००</td><td>कृषि विकास समितिको बैठक</td></tr>
<tr><td>३२४|२०७९|१|२६</td><td>७</td><td>८९२५</td><td>कम्प्यूटर सिप विकास तालिम छनौट समितिको बैठक</td></tr>
<tr><td>३६०|२०७९|२|२५</td><td>३८</td><td>४५९००</td><td>उद्यम विकास समितिका पदाधिकारीको बैठक</td></tr>
<tr><td>७२|२०७८|८|६</td><td>१३</td><td>८२०२५</td><td>खरिद समितिको बैठक</td></tr>
<tr><td>१०१|२०७९|९|२</td><td>१७</td><td>५९८५०</td><td>अपांग समन्वय समितिको बैठक</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>२९६२००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td>18</td><td>२०७८-८-६</td><td>फरक शीर्षकमा भुक्तानीः<br><br>सशर्त अनुदानको रकम तोकिएको शीर्षकमा मात्र खर्च गरिनुपर्दछ । पालिकाका करार कर्मचारीहरुको कार्तिक महिनाको तलब संघीय हस्तान्तरित कार्यक्रम चालु शीर्षकबाट रु. ७,९४,६८९|- भुक्तानी गरिएको छ । सशर्त अनुदानबाट प्राप्त निकासाको खर्च तोकिए बमोजिम सम्बन्धित शीर्षकबाट खर्च नगरी अन्यत्र खर्च गरेको रकम शोधभर्ना फिर्ता गरी राजस्व दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>७९४,६८९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>अनुगमन भत्ताः<br><br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ७ मा पदाधिकारीले अनुसुचीमा तोकिएबमोजिम अनुगमन भत्ता पाउने उल्लेख छ । पालिकाले निम्नानुसार पदाधिकारीलाई मासिक रुपमा अनुगमन भुक्तानी गरेको अवस्थामा समेत मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगतका योजना अनुगमन गरेको भनि रु. २३,१००।- भुक्तानी गरेको देखिएकोले दोहोर अनुगमन भत्ता वापतको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><td>क्र.सं.</td><td>नाम</td><td>पद</td><td>भुक्तानी</td></tr>
<tr><td>१</td><td>श्री रिता कुमारी शाही</td><td>अध्यक्ष</td><td>१२६००</td></tr>
<tr><td>२</td><td>श्री देवि भण्डारी</td><td>उपाध्यक्ष</td><td>१०५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२३१००</td></tr>
</table></td><td>२३,१००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>पदाधिकारी सुविधाः</td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ६८,७३,४००।- सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><td rowspan="2">सि.नं</td><td rowspan="2">विवरण</td><td>प्रमुख/</td><td>उपप्रमुख/</td><td rowspan="2">वडाअध्यक्ष ७ जना</td><td rowspan="2">कार्यपालिका सदस्य ५ जना</td><td rowspan="2">सभाका सदस्य ३७ जना</td><td rowspan="2">जम्मा</td></tr>
<tr><td>अध्यक्ष</td><td>उपाध्यक्ष</td></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>३९०००</td><td>३९०००</td><td>६५१०००</td><td>५५८०००</td><td>१२९६०००</td><td>२५८३०००</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>०</td><td>१४००००</td><td>०</td><td>०</td><td>०</td><td>१४००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>१००००</td><td>८०००</td><td>१४०००</td><td>१२०००</td><td>४८०००</td><td>९२०००</td><td></td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका,<br>ईन्टरनेट</td><td>७२०००</td><td>७२०००</td><td>५०४०००</td><td>१४४०००</td><td>४३२०००</td><td>१२२४००</td><td></td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td></td><td>अनुगमन खर्च</td><td>१८००००</td><td>१४४०००</td><td>६७२०००</td><td>३९६०००</td><td>५७६०००</td><td>१९६८०००</td><td></td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>६००००</td><td>४८०००</td><td>३३६०००</td><td>७२०००</td><td>२८८०००</td><td>८०४०००</td><td></td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/<br>सरसफाई</td><td>८४०००</td><td>७२०००</td><td>१६८०००</td><td>१४४०००</td><td>२८८०००</td><td>७५६०००</td><td></td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>३३०००</td><td>४००००</td><td>१४००००</td><td>६३०००</td><td>१३२०००</td><td>४०८०००</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>४७८०००</td><td>५६३०००</td><td>२४८५०००</td><td>१३८९०००</td><td>३०६००००</td><td>६८७३४००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>पदाधकारी अन्य सुविधाः कर्णाली प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ११ मा अनुसूची-२ को द्रष्टव्यमा ऐनमा उल्लेखित सुविधा बाहेकको सुविधा नपाउने उल्लेख छ । पालिकाका निम्न बमोजिमका पदाधिकारीले ऐनमा उल्लिखित सुविधा वेगर अन्य सुविधा समेत उपभोग गरेकाले सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>नाम</th><th>पद</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>५४२।२०७९।३।२४</td><td>रीता कुमारी शाही</td><td>अध्यक्ष</td><td>क्षमता विकास तालिम</td><td>४२५०</td><td></td></tr>
</table>
</td><td>४६,३२५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देवी भण्डारी | उपाध्यक्ष | | ४२५० | सहभागी भत्ता | |
| | | | | डम्बर बहादुर कार्की | वडा अध्यक्ष | | ४२५० | | |
| | | | | मिन बहादुर थापा | वडा अध्यक्ष | | ४२५० | | |
| | | | | भक्ति प्रसाद उपाध्याय | वडा अध्यक्ष | | ४२५० | | |
| | | | | चक्र बहादुर थापा | वडा अध्यक्ष | | ४२५० | | |
| | | | | रत्न बहादुर थापा | वडा अध्यक्ष | | ४२५० | | |
| | | | | तुल बहादुर थापा | वडा अध्यक्ष | | ४२५० | | |
| | | | | छविराम आचार्य | वडा अध्यक्ष | | ४२५० | | |
| | | | ७३।२०७८।७।१५ | देवी भण्डारी | वडा अध्यक्ष | ज्येष्ठ नागरिक दिवसको बैठक | ८५० | बैठक भत्ता | |
| | | | | हरि बहादुर भण्डारी | वडा अध्यक्ष | ज्येष्ठ नागरिक दिवसको बैठक | ८५० | | |
| | | | ९८।२०७८।९।१ | प्रेम बहादुर बुढा | अध्यक्ष | राजस्व तालिमा सहभागी | २५५० | उद्घाटन समापन सहभागी भत्ता | |
| | | | | पदमकुमारी विष्ट | उपाध्यक्ष | | २५५० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२६१।२०७८।१२।२१</td><td>पदमकुमारी विष्ट</td><td>उपाध्यक्ष</td><td>तरकारी खेती सम्बन्धी तालिम</td><td>१२७५</td><td>प्रशिक्षण</td></tr>
<tr><td colspan="4">जम्मा रु</td><td>४६३२५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
वडा कार्यालय भवन निर्माण:<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाँचको गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले कमल निर्माण सेवालाई ७ नं. वडा कार्यालय भवन निर्माण गरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरेको अवस्थामा निम्नानुसारको आईटममा काम नगरी भुक्तानी भुक्तानी गरेको देखिएकोले नभएको काम नाप देखाउने प्राविधिक र भुक्तानी सिफारिस गर्ने र भुक्तानी दिने सबैलाई जिम्मेवार बनाई असुल मिति समेतको आधारमा १० प्रतिशत हर्जना लगाई सो रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>आईटमको नाम</th><th>ईकाई</th><th>परिमाण</th><th>दर</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>C-PVC pipe of CTS ½ ” size</td><td>no</td><td>२०</td><td>१०००</td><td>२००००</td></tr>
<tr><td>२</td><td>C PVC pipe of CTS ३/४” size</td><td>no</td><td>२०</td><td>१०००</td><td>२००००</td></tr>
<tr><td>३</td><td>C-PVC pipe of CTS १” size</td><td>no</td><td>२०</td><td>१०००</td><td>२००००</td></tr>
<tr><td>४</td><td>C-PVC or U PVC Ball valve ½ ”</td><td>no</td><td>२</td><td>५००</td><td>१०००</td></tr>
<tr><td>५</td><td>C-PVC or U PVC Ball valve ¾ ”</td><td>no</td><td>२</td><td>५००</td><td>१०००</td></tr>
</table>
</td><td>१०५,०९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>C-PVC or U PVC Ball valve १”</td><td>no</td><td>२</td><td>५००</td><td>१०००</td></tr>
<tr><td>७</td><td>Check valve</td><td>no</td><td>१</td><td>२०००</td><td>२०००</td></tr>
<tr><td>८</td><td>Water pump १.५ hp of good quality</td><td>no</td><td>१</td><td>१००००</td><td>१००००</td></tr>
<tr><td>९</td><td>Wiring of light/fan Points by means of २*१.५ sqm light switch</td><td>No</td><td>८</td><td>१०००</td><td>८०००</td></tr>
<tr><td>१०</td><td>४० watt tube light</td><td>No</td><td>५</td><td>१०००</td><td>५०००</td></tr>
<tr><td>११</td><td>Mirror Light set</td><td>No</td><td>५</td><td>१०००</td><td>५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>९३०००</td></tr>
<tr><td></td><td>मु अ कर</td><td></td><td></td><td></td><td>१२०९०</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td></td><td></td><td>१०५०९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>व्यक्तिगत जग्गामा निर्माण कार्य:<br><br>पालिकाले सार्वजनिक निर्माण जग्गाको सुनिश्चितता गरी सार्वजनिक निकायको नाममा पास गरेर मात्र निर्माण गर्नुपर्दछ । पालिकाले मिसन कन्स्ट्रक्सनसँग सम्झौता गरी मैनकला विष्टको नाममा रहेको जग्गामा निर्माण मेशिनरी वाल निर्माण वापत रु.९,२९,४१२।- भुक्तानी गरेको छ । सरकारी रकमबाट व्यक्तिगत जग्गामा संरचना निर्माण गरी भुक्तानी दिन मिल्दैन । यस्ता कार्यमा संलग्नलाई कारवाही गरी उक्त रकम असूल गर्नुपर्ने रु.</td><td>९२९,४१२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **कुसापानी टुमुरखर्क गैरा सडक:**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(ख) मा बोलपत्र स्वीकृतिका लागि छनौट भएको बोलपत्रदाता सम्झौता गर्न नआएमा कालो सुचिमा राख्नुपर्ने उल्लेख छ । पालिकाले कुसापानी टिमुरखर्क गैरासरू कडेनी सडक निर्माण गर्न रु.९९,९६,३९१।६२ को लागत अनुमान तयार गरीनागबंशि कन्ट्रक्शन सँग कबोल अंक रु.२९,७१,९५९।- मा सम्झौता गरेको देखिन्छ । बोलपत्र मुल्यांकन गर्दा धैर्यता निर्माण कम्पनी प्रालीले रु. २२,१६,९७९।५७ मा कबोल गरेकोमा सम्झौता गर्न नआई दोस्रो कमि कबोल गर्ने नागबंशि कन्ट्रक्शनसँग सम्झौता भएकोले धैर्यता निर्माण कम्पनी प्रालीले विड बोन्ड वापत राखेको रु.२,५०,०००।- जफत गरी ऐन बमोजिमको कसूरमा कालो सूचीमा राख्न पठाएको प्रमाण पेश गर्नु पर्ने रु. | २५०,००० |
| ३७ | | | **बि ओ क्यू पेश नभएको:**<br><br>सार्वजिनक निकायले कुनै विल तथा रनिङ्ग विलको भुक्तानी गर्दा सम्झौता बमोजिम भुक्तानी गर्नुपर्दछ । पालिकाले खम्वेगडे कुटी सडक निर्माणका निर्माण व्यवसायी वडिमालिका निर्माण सेवाको रनिङ विल वापत रु. २७,४४,१४५।- भुक्तानी गर्दा BOQ पेश नगरेकोले विल नै नवनाई भुक्तानी लिने र दिने तथा सिफारिस गर्ने लगायत सम्बन्धित सबैलाई जिम्मेवार बनाई बढी भुक्तानी भए असुल गर्ने गरी नाप सहितको विल पेश गर्नुपर्ने रु. | २,७४४,१४५ |
| ३८ | | | **कार्यसम्पादन जमानत:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४)मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनु पर्ने व्यवस्था छ । कार्यालयले देहायबमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनी उल्लेख गरेकोमा पेश गरेको कार्यसम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अविधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु. | २,१४५,००० |

| क्र.सं. | योजनाको नाम | फर्म | कार्य सम्पादन जमानतको विवरण | अवधि | रकम |
|---|---|---|---|---|---|
| 1 | मास्ट प्रा वि भवन निर्माण | आविनास एण्ड कम्पनी प्रा ली | RBB-P22434000007 | २०८०।२।२ | ६६८००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वडा कार्यालय वडा नं. ७ | कमल निर्माण सेवा | Agriculture Development Bank PB0215/0030/6810/20 | २०७८।१०।२३ | १२४२००० |
| ३ | ने रा आ वि भवन | नान्जिला एण्ड कन्स्ट्रक्सन | Sunrise Bank SR PB-031/22 | २८०।२।९ | २३५००० |
| | जम्मा | | | | २१४५००० |

</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>

**बढी ईन्धन खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कायको लागत अनुमान तयार गर्दा सो सग सम्बन्धित नर्म्स अनुसार तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको निर्माण कार्य सम्पन्न गरेकोमा स्वीकृत लागत अनुमान तयार पार्दा दररेट विश्लेषण गर्न तयार पारेको नर्म्स अनुसार लाग्ने भन्दा बढी ईन्धनको विल पेश गरेको देखियो । ईन्धनको विल बढी पेश गरेको सम्बन्धमा कार्यालयले यकिन गरी असुल गर्नुपर्ने रु.

| भौ.नं. | कामको विवरण | लाग्ने ईन्धन | विल अनुसार ईन्धन | फरक | दर | बढी खपत |
|---|---|---|---|---|---|---|
| १६-२०७८।७।१४ | भैरवी गा पा सडक मर्मत | २९५ | ६७० | ३७५ | १२७ | ४७६२५ |
| २३-२०७८।८।६ | सिलंगी कुसापानी ब्याउली सडक | ८१० | १२९४ | ४८४ | १२७ | ६१४६८ |
| | जम्मा | | | | | १०९०९३ |

</td><td>१०९,०९३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>

**नापचाँज बेगर भुक्तानी:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । विभिन्न निर्माण कार्यमा मेशिन प्रयोग गरेको भनि निम्नानुसारको ईन्धनको विल पेश गरी रु. ३,७०,७५६।- भुक्तानी खर्च लेखेको देखिन्छ । सो कामको प्राविधिक नापजाँच नभएकोले के कति काम भयो भनि यकिन गर्न सकिएन । के कति काम भएको हो सो को प्राविधिक नापजाँच गरी पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

<table>
<tr><td>भौ.नं.</td><td>कामको विवरण</td><td>विल अनुसार ईन्धन</td></tr>
<tr><td>१४-२०७८।७।१०</td><td>विभिन्न सडक मर्मत कार्य</td><td>११६६९९</td></tr>
<tr><td>२८-२०७८।८।७</td><td>सिलंगी कुसापानि सडक</td><td>१००२५७</td></tr>
<tr><td>१७-२०७८।७।१४</td><td>मलेसिउन काफलतुवान सडक</td><td>१२००००</td></tr>
<tr><td>७७-२०७८।११।३</td><td>सडक मर्मत</td><td>३३८००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७०७५६</td></tr>
</table>

</td><td>३७०,७५६</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>

**लागत सहभागिताः**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४२ | | | **कार्यसम्पन्न प्रतिवेदनः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ४३ | | | **नापजाँचः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४४ | | | **सार्वजनिक परीक्षणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ४५ | | | **झोलुङ्गे पुल निर्माण:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । सोही नियमावलीको नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले झोलुंगे पुल निर्माण गर्न न्यू भेरी ईन्जिनियरीङ्ग सुर्खेत सँग रु.२१,४९,९६०।- को सामान खरिद गरेकोमा सो सामान जडान गरी पूल निर्माण नगरेकोले पुल निर्माण गरी कार्य सम्पन्न पेश गर्नुपर्ने रु. | २,१४९,९६० |
| ४६ | | | **कार्यक्रम कार्यान्वयन पुस्तीकाको पालना नभएको:**<br><br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार रु. ७,६०,५०२।७ बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकासा भएको रकम असूल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु. | |
| ४६.१ | | | **पाठ्यपुस्तक:** | ६१६,९०२.७ |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | भगवती आ वि कुसापानी | २४९ | १५५९३९.४ | १६०४२५ | ४४८५.६ |
| २ | हिमालय मा वि डाडिमाडी | ४३० | २५०५६२.६ | ३७०५३८ | ११९९७५.४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>महादेव मा वि</td><td>२१६</td><td>१३७५८०.३</td><td>१८६६५६</td><td>४९०७५.७</td></tr>
<tr><td>४</td><td>ने रा नि मा वि डाडासरु</td><td>६८</td><td>४१२५७.३</td><td>१९२५७६</td><td>१५१३१८.७</td></tr>
<tr><td>५</td><td>ने रा आ वि महतारागाउ</td><td>४१९</td><td>२४९४८६.७</td><td>२५१८८८</td><td>२४०१.३</td></tr>
<tr><td>६</td><td>नेरा आ वि मान्मा</td><td>७२</td><td>४५१३०.१</td><td>४८५१८</td><td>३३८७.९</td></tr>
<tr><td>७</td><td>पन्चदेवल मा वि</td><td>४६९</td><td>२५७५७६.१</td><td>३५६६२४</td><td>९९०४७.९</td></tr>
<tr><td>८</td><td>सहिद आ वि काफलडाडा</td><td>१०५</td><td>६४०१८.५</td><td>६८३४९</td><td>४३३०.५</td></tr>
<tr><td>९</td><td>आदरश मावि</td><td>३४१</td><td>१९१६२९</td><td>२५५४१९</td><td>६३७९०</td></tr>
<tr><td>१०</td><td>गौरी मा वि</td><td>४७८</td><td>३१२११४.५</td><td>४२८८०६</td><td>११६६९१.५</td></tr>
<tr><td>११</td><td>ने रा आ वि छाड्ने</td><td>३११</td><td>१८९५७७.८</td><td>१९१९७६</td><td>२३९८.२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>६१६९०२.७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६.२</td><td></td><td></td><td>
छात्रवृत्तीः
<table>
<tr><td>क्र.सं.</td><td>विद्यालयको नाम</td><td>विद्यार्थी संख्या</td><td>हुनुपर्ने निकासा</td><td>भएको निकासा</td><td>बढी निकासा</td></tr>
<tr><td>१</td><td>भगवती आ वि कुसापानी</td><td>१७८</td><td>७१२००</td><td>८२०००</td><td>१०८००</td></tr>
</table>
</td><td>१४३,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २ | भैरब प्रा वि बरपिपल | ५६ | २२४०० | ४६४०० | २४००० |
| ३ | भक्ती प्रा वि | ५२ | २०८०० | २६८०० | ६००० |
| ४ | देउती बजै प्रावी सिमखालि | ६० | २४००० | २७६०० | ३६०० |
| ५ | देउती प्रावि चौतारा | ४४ | १७६०० | २४८०० | ७२०० |
| ६ | जनसेवा प्रा वि देवल | ३१ | १२४०० | १५६०० | ३२०० |
| ७ | जनता प्रावि मुलपानी | १६ | ६४०० | ८८०० | २४०० |
| ८ | मदन आश्रित प्रा वि कुसापानि | ४९ | १९६०० | २४४०० | ४८०० |
| ९ | महादेव मा वि | ११६ | ४६४०० | ४८८०० | २४०० |
| १० | मालिका प्रा वि | २१ | ८४०० | १२००० | ३६०० |
| ११ | मस्तामाण्डु प्रा वि डोक्रा | २३४ | ९३६०० | १०४४०० | १०८०० |
| १२ | मस्ता प्रा वि बहचौर | ७७ | ३०८०० | ३२००० | १२०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३</td><td>नेरा निमावि डाडासरु</td><td>४५</td><td>१८०००</td><td>२३२००</td><td>५२००</td></tr>
<tr><td>१४</td><td>नेरा आवि महतारागाउ</td><td>३१०</td><td>१२४०००</td><td>१२४४००</td><td>४००</td></tr>
<tr><td>१५</td><td>नेरा आवि मान्मा</td><td>४४</td><td>१७६००</td><td>२४०००</td><td>६४००</td></tr>
<tr><td>१६</td><td>नेरा प्रावि थापावाडा</td><td>४२</td><td>१६८००</td><td>२०८००</td><td>४०००</td></tr>
<tr><td>१७</td><td>पन्चदेवल मावि</td><td>१४५</td><td>५८०००</td><td>६३२००</td><td>५२००</td></tr>
<tr><td>१८</td><td>पनचकोसि प्रावि</td><td>२८</td><td>११२००</td><td>१६०००</td><td>४८००</td></tr>
<tr><td>१९</td><td>पुस्पलाल प्रावि भित्रिखोला</td><td>५८</td><td>२३२००</td><td>२४०००</td><td>८००</td></tr>
<tr><td>२०</td><td>ने रा आ वि छड्ने</td><td>२२०</td><td>८८०००</td><td>९०८००</td><td>२८००</td></tr>
<tr><td>२१</td><td>देउती आ वि कुर्मे</td><td>२१०</td><td>८४०००</td><td>११००००</td><td>२६०००</td></tr>
<tr><td>२२</td><td>सगरमाथा प्रावि भक्तडाडा</td><td>२१</td><td>८४००</td><td>१०४००</td><td>२०००</td></tr>
<tr><td>२३</td><td>सहिद आ वि काफलडाडा</td><td>६०</td><td>२४०००</td><td>२६०००</td><td>२०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२४</td><td>सरस्वती प्रावि कुर्माकोट</td><td>६६</td><td>२६४००</td><td>३०४००</td><td>४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१४३६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>विद्यालय अनुदानः<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ ले गाउँपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिँदैन । पालिकामा अवस्थित विभिन्न विद्यालयहरुलाई दरबन्दी बाहिर ५९ जना शिक्षक तथा कर्मचारी नियुक्त गरी गरी रू. ९४,९३,९८४।- खर्च लेखेको छ । सशर्त अनुदानबाट संघीय सरकारले शिक्षा क्षेत्रको खर्चको भार बहन गरिरहेको अवस्थामा पालिकाले विकास निर्माण कार्यमा खर्च गर्नुपर्ने वित्तीय समानीकरणबाट खर्च गरेको देखियो । वित्तीय समानीकरणबाट लेखेको यस्तो खर्च नियमसम्मत नभएको रु.</td><td>९,४९३,९८४</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>नमूना विद्यालयः<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ८.३ मा नमूना विद्यालयको रुपमा छनौट भई सञ्चालनमा रहेका विद्यालयले गुरुयोजनाले तोकेका क्षेत्रमा विद्यालय भौतिक निर्माण तथा शैक्षिक विकासका कामहरु खरिद दिग्दर्शन, सार्वजनिक खरिद ऐन, नियमावलीको परिधिभित्र रही गर्नुपर्ने उल्लेख छ । साथै अनुदान विद्यालयलाई उपलब्ध गराउदाँ विगत वर्षमा निर्माण कार्यको प्रगती, यस आर्थिक वर्षमा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान लगायतका आधारमा निकास दिनुपर्ने उल्लेख छ । नमूना विद्यालयको रुपमा सञ्चालित हिमालय मा वि डाडिमाडी.लाई नमुना विद्यालयको भवन निर्माण गर्न रू. ७०,००,०००।- निकासा दिई सो रकम खातामा जम्मा गरी खाता रोक्का गरिदिन सम्बन्धित बैंकलाई पत्र पठाएको छ । सो रकमबाट गुरुयोजनामा तोकिए बमोजिमको काम समयमा सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>७,०००,०००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>आदर्श मा वि अनुदान:</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाचको गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले आई सि टि अनुदान वापत रु.६,५०,००० र विज्ञान प्रयोगशाला अनुदान वापत रु.६,५०,०००।- गरी जम्मा १३,००,००० अनुदान दिएको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ४९.१ | | | **ल्याव सामग्री:** स्थलगत निरिक्षण गर्दा खरिद गरिएका ल्याब सामग्री हरू समेत नमिलाईकन यत्रतत्र राखेको देखिएकोले यसबाट टुटफुट आउने, हराउने तथा प्रभावकारी रुपमा प्रयोगमा ल्याउन कठिन हुने देखिएकोले उक्त ल्याब सामग्रीलाई व्यवस्थित गरी उदश्ये अनुसार प्रयोगशाला संचालन गर्नुपर्दछ । | |
| ४९.२ | | | **आई सि टी अनुदान:** पालिकाले दिएको आई सि टी अनुदानबाट विद्यालयले १९ थान कम्प्युटरलगायतको सामग्री खरिद गरेकोमा विद्यालयमा जडान भएको छैन ।उकत सामग्री जडान गरी पठनपाठनमा उपयोग गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ६५०,००० |
| ४९.३ | | | **खरिद नगरी भुक्तानी:** पालिकाले विद्याललयलाई २० वटा डेल कम्प्युटर तथा वि पि सेट डिजिटल २ थान खरिद गरेको भनी भुक्तानी गरेकोमा स्थलगत निरिक्षण गर्दा १ थान कम्प्युटर र २ थान वि पि सेट खरिद गरेको नदेखिएकोले कम्प्युटर मुल्य रु.३२,०००।- र वि पि सेट प्रति गोटा रु.६,१३०।- को दरले रु.१२,२६०।- गरी जम्मा रु.४४,२६०।- असुल गरी नगरेको कामको बिल बनाई भुक्तानी लिने दिने दुवैलाई कारवाही भएको प्रमाण पेश गर्नुपर्ने रु. | ४४,२६० |
| ५० | | | **ईन्टरनेट जडान:**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तरगत विद्यालय ईन्टरनेट व्यवस्थापन खर्च वापत प्रति विद्यालय रु.१२,०००।- का दरले ४४ विद्यालयलाई रु.५,२८,०००।- भुक्तानी गरेकोमा ईन्टरनेट जडान तथा संचालन गरेको प्रमाण पेश नगरेकोले ईन्टरनेट जडान भएको विद्यालयको हकमा सो को प्रमाण तथा जडान नभएको विद्यालयको हकमा सो रकम फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ५२८,००० |
| ५१ | 198 | २०७९-३-२२ | **सेनिटरी प्याड खरिद:** | २५३,००७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले बोहोरा फार्मेसीबाट बाट प्रतिथान रु. २२.३९ का दरले १०,००० थान सेनिटरी प्याड खरिद गरी रु.२,५३,००७।- भुक्तानी गरेकोमा सो सेनिटरी हाल सम्म पनि वितरण नगरी जिन्सीमा मौज्दात देखिएको छ । पालिकाले आवश्यकताको आधारमा मात्र खरिद गर्नुपर्नेमा आवश्यकता पहिचान नगरी बजेट खर्च गर्ने उद्धेश्यले मात्र खरिद गरेको देखिएकोले खरिदमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाई सो सामान आवश्यक ठाउँमा वितरण र उपयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार अनुदान:<br><br>विद्यालयको लागि भौतिक पूर्वाधार अनुदान वापत निकासा गरिएको रकम तोकिएबमोजिम मात्र खर्च गर्नुपर्दछ । पालिकाले निकासा गरेको निम्नानुसारको रकम तोकिएको शीर्षक भन्दा फरक कार्यमा खर्च गरेको देखिएकोले नियम सम्मत नभएको रु.
<table>
<tr><td>क्र.सं.</td><td>विद्यालयको नाम</td><td>खर्च गर्नु पर्ने काम</td><td>खर्च गरेको काम</td><td>भुक्तानी</td></tr>
<tr><td>१</td><td>महादेव मावि</td><td>४ कोठे भवन</td><td>पर्खाल निर्माण</td><td>९१२८८७</td></tr>
<tr><td>२</td><td>गौरी मा वि</td><td>४ कोठे भवन</td><td>पर्खाल निर्माण</td><td>९५६२५१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१८६९१३८</td></tr>
</table></td><td>१,८६९,१३८</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्तिः<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः
<table>
<tr><td>सि.नं.</td><td>विद्यालयको नाम</td><td>शिक्षक दरबन्दी</td><td>पदपूर्ति</td><td>पदपूर्ति मध्ये करार</td><td>विद्यार्थी संख्या</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | हिमालय मा वि | १८ | १८ | २ | ६६८ |
| २ | पञ्चदेवल मा वि | १६ | १६ | १ | ५८८ |
| ३ | आदर्श मा वि | १५ | १५ | १ | ४७० |
| ४ | गौरी मा वि | ११ | ११ | ४ | ४६२ |
| ५ | महादेव मा वि | ९ | ९ | २ | २६२ |
| ६ | ने रा आ वि महतारागाउँ | ९ | ९ | ३ | ४८१ |
| ७ | ने रा आ वि मष्टाथान | ७ | ७ | ३ | प्रविष्ट नभएको |
| ८ | ने रा आ वि छड्ने | ७ | ७ | ३ | ३५३ |
| ९ | देउति आ वि कुर्म | ८ | ८ | ५ | ४१६ |
| १० | मष्टामाडु आ वि डोक्रा | ९ | ९ | ३ | ३८५ |
| ११ | सरस्वती आ वि कुर्माकोट | ६ | ६ | ३ | १४१ |
| १२ | शहिद आ वि | ६ | ६ | ३ | १५७ |
| १३ | भगवति आ वि | ८ | ८ | ४ | २८४ |
| १४ | ने रा आ वि मान्म | ६ | ६ | ३ | १०४ |
| १५ | ने रा आ वि डाँडासरु | ६ | ६ | ३ | ९९ |
| १६ | पुष्पलाल आ वि | ६ | ६ | ३ | ९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | प्रा वि जलजले | १ | १ | १ | ५६ |
| १८ | जनता प्रा वि गैराखाडी | २ | २ | १ | ७७ |
| १९ | जनसेवा प्रा वि कोलडाँडा | २ | २ | ० | ६७ |
| २० | रत्न प्रा वि कैन | २ | २ | १ | ११९ |
| २१ | जनसेवा प्रा वि भुवाटाकुरा | ४ | ४ | १ | २१८ |
| २२ | जगनाथ प्रा वि लम्जी | १ | १ | १ | ९४ |
| २३ | मदरसा प्रा वि | २ | १ | ० | प्रविष्ट नभएको |
| २४ | सरस्ती प्रा वि सैन | १ | १ | १ | १०९ |
| २५ | देउती प्रा वि चौड | १ | १ | १ | १२१ |
| २६ | मष्टा प्रा वि बहाचौर | ३ | ३ | ० | १०६ |
| २७ | ने रा प्रा वि थापावाडा | ५ | ५ | ० | ११८ |
| २८ | युवा प्रा वि बुढाना | ४ | ४ | ० | १०७ |
| २९ | देउतीवज्यै प्रा वि सिमाखाली | २ | १ | ० | ११७ |
| ३० | जनसेवा प्रा वि देउल | १ | १ | १ | ५१ |
| ३१ | भैरव प्रा वि वरपिपल | ३ | ३ | १ | १६९ |
| ३२ | पञ्चकोशी प्रा वि बाजटाकुरा | १ | १ | १ | ६२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३३</td><td>बासुधारा प्रा वि माथेगाउँ</td><td>१</td><td>१</td><td>१</td><td>६२</td></tr>
<tr><td>३४</td><td>भक्ति प्रा वि</td><td>३</td><td>३</td><td>०</td><td>१०२</td></tr>
<tr><td>३५</td><td>पञ्चकोशी प्रा वि कोलडाँडा</td><td>१</td><td>१</td><td>१</td><td>२८</td></tr>
<tr><td>३६</td><td>गणेश प्रा वि तोरिमुल</td><td>३</td><td>३</td><td>०</td><td>५३</td></tr>
<tr><td>३७</td><td>मनमोहन प्रा वि कुसापानी</td><td>३</td><td>३</td><td>०</td><td>४२</td></tr>
<tr><td>३८</td><td>सगरमाथा प्रा वि</td><td>२</td><td>२</td><td>२</td><td>३७</td></tr>
<tr><td>३९</td><td>मदन आश्रीत प्रा वि</td><td>२</td><td>२</td><td>१</td><td>८१</td></tr>
<tr><td>४०</td><td>द्रोणाचल प्रा वि देउले</td><td>१</td><td>१</td><td>१</td><td>४३</td></tr>
<tr><td>४१</td><td>जनता प्रा वि मुलपानी</td><td>१</td><td>१</td><td>१</td><td>४९</td></tr>
<tr><td>४२</td><td>मंगला प्रा वि कडेनी</td><td>३</td><td>३</td><td>०</td><td>४०</td></tr>
<tr><td>४३</td><td>हिमालय प्रा वि</td><td>२</td><td>२</td><td>२</td><td>६२</td></tr>
<tr><td>४४</td><td>मालिका प्रा वि</td><td>१</td><td>१</td><td>१</td><td>४२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०५</td><td>२०३</td><td>६६</td><td>७१९४</td></tr>
</table>
अतः शिक्षा ऐन तथा नियमावलीले तोकेबमोजिम दरबन्दी अनुसार पदपूर्ती नहुँदा शैक्षिक गुणस्तरमा असर पुग्ने देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>औषधी खरिदः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु. २४,६८,४६०।- को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>:<br><br>• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५५ | | | **बढी ग्रेड भुक्तानीः**<br><br>पालिकाको पारित तलवी प्रतिवेदन अनुसार निम्नानुसारका कर्मचारीको बढी ग्रेड रकम भुक्तानी भएकोले असुल गर्नुपर्ने रु. | १९,००५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| कर्मचारीको नाम | पद | ग्रेड दर | बढी भुक्तानी ग्रेड | जम्मा रु |
|---|---|---|---|---|
| करिना कुमारी शाही | ज स्वा नि | १२६७ | १ | १०१३६ |
| सुशिल शाही | ज स्वा नि | १२६७ | १ | ८८६९ |
| जम्मा रु | | | | १९००५ |

</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>

**यातायात खर्चः**

सशर्त अनुदानको रकम तोकिएको शीर्षकमा मात्र खर्च गरिनुपर्दछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुको यातायात खर्च वापतको रकम भुक्तानी गर्दा निम्नानुसारका कर्मचारीले यातायात खर्च बुझेको नियमसम्मत नदेखिएकोले सो रकम असूल गर्नुपर्ने रु.

| **भौ नं मिति** | **कर्मचारीको नाम** | **भुक्तानी रकम** |
|---|---|---|
| १२।२०७८।८।३ | ध्रुव कुमार आचार्य | १७०० |
| | विरेन्द्र राज शाही | १७०० |
| जम्मा रु | | ३४०० |

</td><td>३,४००</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>

**भरपाई वेगर स्वास्थ्य संस्थालाई भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याई गर्ने बील भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । यसका साथै सोही नियमावलीको ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बील, भरपाई, र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने कुरा उल्लेख गरेको छ। पालिकाले निम्नानुसारका स्वास्थ्य संस्थालाई भुक्तानी दिएको रकममा सुत्केरीको विवरण तथा सुत्केरीलाई नियमानुसार दिनुपर्ने रकम वितरण गरेको नपाइएकोले वितरण गरेको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

</td><td>७९२,२००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौ नं / मिति | स्वास्थ्य संस्थाको नाम | विवरण | संख्या | दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २।२०७८।११।२ | रावतकोट स्वास्थ्य चौकी | प्रदेश सरकारको पोषण कार्यक्रम | २२ | २००० | ४४००० |
| | कुसापानी स्वास्थ्य चौकी | प्रदेश सरकारको पोषण कार्यक्रम | १७ | २००० | ३४००० |
| ९६।२०७८।१२।२१ | रावतकोट स्वास्थ्य चौकी | प्रदेश सरकारको पोषण कार्यक्रम | २५ | २००० | ५०००० |
| | कुसापानी स्वास्थ्य चौकी | प्रदेश सरकारको पोषण कार्यक्रम | ३० | २००० | ६०००० |
| | भैरीकालिकाथुम स्वास्थ्य चौकी | प्रदेश सरकारको पोषण कार्यक्रम | २६ | २००० | ५२००० |
| | रावतकोट स्वास्थ्य चौकी | स्वास्थ्य सेवा लिएका महिलाको यातायात खर्च | २३ | ३००० | ६९००० |
| | कुसापानी स्वास्थ्य चौकी | स्वास्थ्य सेवा लिएका महिलाको यातायात खर्च | २६ | ३००० | ७८००० |
| | भैरीकालिकाथुम स्वास्थ्य चौकी | स्वास्थ्य सेवा लिएका महिलाको यातायात खर्च | ३० | ३००० | ९०००० |
| | रावतकोट स्वास्थ्य चौकी | सेवा लिएका महिलाको गर्भवती उत्प्रेरणा | २१ | ८०० | १६८०० |
| | कुसापानी स्वास्थ्य चौकी | सेवा लिएका महिलाको गर्भवती उत्प्रेरणा | १७ | ८०० | १३६०० |
| | भैरीकालिकाथुम स्वास्थ्य चौकी | सेवा लिएका महिलाको गर्भवती उत्प्रेरणा | ३० | ८०० | २४००० |
| | रावतकोट स्वास्थ्य चौकी | सेवा लिएका महिलाको जटिलतायुक्त प्रसूति | १ | ३००० | ३००० |
| | कुसापानी स्वास्थ्य चौकी | सेवा लिएका महिलाको जटिलतायुक्त प्रसूति | ५ | ३००० | १५००० |
| | भैरीकालिकाथुम स्वास्थ्य चौकी | सेवा लिएका महिलाको जटिलतायुक्त प्रसूति | २ | ३००० | ६००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="8">२३।२०७८।८।७</td><td>रावतकोट स्वास्थ्य चौकी</td><td>स्वास्थ्य सेवा लिएका महिलाको यातायात खर्च</td><td>२२</td><td>३०००</td><td>६६०००</td></tr>
<tr><td>कुसापानी स्वास्थ्य चौकी</td><td>स्वास्थ्य सेवा लिएका महिलाको यातायात खर्च</td><td>१७</td><td>३०००</td><td>५१०००</td></tr>
<tr><td>भैरीकालिकाथुम स्वास्थ्य चौकी</td><td>स्वास्थ्य सेवा लिएका महिलाको यातायात खर्च</td><td>२७</td><td>३०००</td><td>८१०००</td></tr>
<tr><td>रावतकोट स्वास्थ्य चौकी</td><td>सेवा लिएका महिलाको गर्भवती उत्प्रेरणा</td><td>२०</td><td>८००</td><td>१६०००</td></tr>
<tr><td>कुसापानी स्वास्थ्य चौकी</td><td>सेवा लिएका महिलाको गर्भवती उत्प्रेरणा</td><td>३</td><td>८००</td><td>२४००</td></tr>
<tr><td>भैरीकालिकाथुम स्वास्थ्य चौकी</td><td>सेवा लिएका महिलाको गर्भवती उत्प्रेरणा</td><td>१८</td><td>८००</td><td>१४४००</td></tr>
<tr><td>कुसापानी स्वास्थ्य चौकी</td><td>सेवा लिएका महिलाको जटिलतायुक्त प्रसूति</td><td>१</td><td>३०००</td><td>३०००</td></tr>
<tr><td>भैरीकालिकाथुम स्वास्थ्य चौकी</td><td>सेवा लिएका महिलाको जटिलतायुक्त प्रसूति</td><td>१</td><td>३०००</td><td>३०००</td></tr>
<tr><td colspan="5">जम्मा रकम रु</td><td>७९२२००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>सामाग्री खरिदः<br><br>सशर्त अनुदानको रकम तोकिएको शीर्षकमा मात्र खर्च गरिनु पर्दछ । पालिकाले कृत्रिम गर्भाधान मिसन कार्यक्रमका लागि प्राप्त बजेट गो भौ नं २०५।२०७९।३।२३ बाट क्याट ब्याग, गम बुट, ब्लाङकेट, गद्या तकिया लगायत सामान खरिद गरी रु. ३७,६२७।- खर्च लेखेको नियमसम्मत देखिएन । समानीकरणबाट गर्नुपर्ने चालुखर्चको भुक्तानी सशर्त अनुदानबाट खर्च लेख्न मिल्ने नदेखिएकोले उक्त रकम संघीय सञ्चित कोष फिर्ता का लागि बेरुजु खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>३७,६२७</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>कृषि तथा पशुः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९.१</td><td></td><td></td><td>

**नर्म्स भन्दा बढी दरमा भुक्तानीः** जिल्ला प्रशासन कार्यालयले प्रत्येक वर्ष जिल्ला भरी लागू हुने गरी निर्धारण गरेको जिल्ला दररेट अनुसार सम्पूर्ण कार्यालयहरुले सामाग्री खरिद गर्नुपर्दछ । पालिकाले निम्नानुसारका सामाग्री खरिदमा तोकिएको जिल्लादररेट भन्दा बढी दरमा भुक्तानी दिएकोले कृषि शाखा प्रमुखलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्ने रु.

<table>
<tr><th>भौ नं / मिति</th><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>जिल्ला दररेट</th><th>बढी भुक्तानी रु</th><th>कैफियत</th></tr>
<tr><td>२०७।२०७९।३।२३</td><td>डाले घाँस खरिद</td><td>१५००</td><td>३०</td><td>१५</td><td>२२५००</td><td>सिडलेस किम्बु</td></tr>
<tr><td rowspan="3">१२५।२०७९।१।२२</td><td>कैची खरिद</td><td>३३</td><td>१०००</td><td>८१६</td><td>६०७२</td><td>विन्दु केसी</td></tr>
<tr><td>कैची खरिद</td><td>५४</td><td>१३११</td><td>८१६</td><td>२६७३०</td><td>विन्दु केसी</td></tr>
<tr><td>आइरन खरिद</td><td>१२</td><td>३०००</td><td>२५००</td><td>६०००</td><td>विन्दु केसी</td></tr>
<tr><td colspan="5">जम्मा रु</td><td>६१३०२</td><td></td></tr>
</table>

</td><td>६१,३०२</td></tr>
<tr><td>५९.२</td><td></td><td></td><td>

**विल भरपाई वेगर भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याई गर्ने बील भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । यसका साथै सोही नियमावलीको ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बील, भरपाई, र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने कुरा उल्लेख गरेको छ। पालिकाले निम्नानुसारका कार्यक्रम तथा सामाग्री खरिद गरेको तर वितरण गरेको भरपाई नरहेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

<table>
<tr><th>भौ नं / मिति</th><th>जिम्मेवार समूह, शाखा तथा व्यक्ति</th><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा रकम</th><th>कैफियत</th></tr>
</table>

</td><td>१,११२,५६८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९६।२०७९।३।२२ | कुर्मावती पशुपालन समूह | खरी बाख्रा | ४ | १०५०० | ४२००० | वितरण गरेको भरपाई नरहेको |
| १९१।२०७९।३।२१ | कृषि तथा पशुपालन कृषक समूह | खरी बाख्रा | २ | १०५०० | २१००० | वितरण गरेको भरपाई नरहेको |
| १८१।२०७९।३।१९ | कृषि शाखा | बिउ खरिद | | | ११५०५८ | वितरण गरेको भरपाई नरहेको |
| १७२।२०७९।३।१४ | सूर्यदय तरकारी पकेट संचालन समिति | डि ए पि मल खरिद | ८ के जी | ६० | ४८० | वितरण गरेको भरपाई नरहेको |
| १६६।२०७९।३।१३ | तुल्सी आचार्य | सिलाई वुनाई मेसन | १ | २३००० | २३००० | प्रविधि हस्तान्तरण गरेको भरपाई नरहेको |
| १४५।२०७९।३।५ | परिश्रम कृषि तथा पशुपंक्षी कृषक समूह | खरी बाख्रा | १६ | १०००० | १६०००० | वितरण गरेको भरपाई नरहेको |
| ८४।२०७८।१२।८ | स्वास्थ्य शाखा | चक्की खरिद | | | ३२००० | वितरण गरेको भरपाई नरहेको |
| १९।२०७८।८।६ | बुहक्षेत्रीय पोषण शाखा | यातायता खर्च | | | ३२५०० | सहभागीको सक्कल भरपाई नरहेको |
| ३८६।२०७९।३।५ | केशव शर्मा | धान खुमल | २६० के जी | ७५ | १९५०० | ७४० को भरपाई रहेको २६० को नरहेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४०१।२०७९।३।७ | बम बहादुर कार्की पोषण | स्टेशनरी सामाग्री | | | १३९५० | वितरणको भरपाई नरहेको |
| ४८२।२०७९।३।१९ | गणेश प्रसाद रिजाल | विरुवा खरिद | | | ५८४३० | वितरण गरेको भरपाई नरहेको |
| ४८४।२०७९।३।२० | दिपेन्द्र बहादुर थापा | टि सर्ट | ७० | ७९५ | ५५६५० | वितरण गरेको भरपाई नरहेको |
| ५१२।२०७९।३।२२ | विपद व्यवस्थापन शाखा | त्रिपाल खरिद | २५ | ४००० | १००००० | वितरण गरेको भरपाई नरहेको |
| | | त्रिपाल खरिद | ५० | ३५०० | १७५००० | वितरण गरेको भरपाई नरहेको |
| ५३५।२०७९।३।२४ | विपद व्यवस्थापन शाखा | जाली तथा पाइप खरिद | | | २३६००० | हस्तान्तरण तथा वितरण भरपाई नरहेको |
| ५६०।२०७९।३।२५ | हरि बहादुर थापा अ छैटौं | संचार महशुल | | | २८००० | बिल भरपाई नरहेको |
| | जम्मा रु | | | | १११२५६८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.३ | | | **अनुदानको अनुगमन**– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५९.४ | | | **सहभागी भत्ताः** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ अनुसार सहयोगी भत्ता वापत जिल्ला भित्र २१ कार्य दिन सम्मको रु. ७०० निर्धारण गरेको छ । निम्न उल्लिखित कार्यक्रममा तोकिएको दर भन्दा बढी दरमा सहभागी भत्ता भुक्तानी गरिएकोले सम्बन्धित बाट असुल गर्नुपर्ने रु. | २५३,७२५ |

| भौ नं / मिति | कार्यक्रम | विवरण | दिएको दर | दिनुपर्ने दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ५२।२०७८।१०।७ | नसर्ने रोग सम्बन्धी कार्यक्रम | २३ जना | १५०० | ७०० | १८४०० |
| | आँखा कान घाँटी र मुख सम्बन्धी कार्यक्रम | 28 जना | १००० | ७०० | ८४०० |
| १३।२०७८।८।३ | किसान सूचीकरण तालिम | १० जना | १००० | ७०० | ३००० |
| २२७।२०७८।१२।३ | न्यायमा पहुँच कार्यक्रम | ६१ जना | १५०० | ७०० | ४८८०० |
| १७५।२०७८।१०।२६ | जेनेटिक रोग सम्बन्धी गोष्ठी | ४५ जना | १५०० | ७०० | २५८७५ |
| २०५।२०७८।११।१८ | सामाजिक सुरक्षा सम्बन्धि ७ दिने तालिम | २५ जना | १००० | ७०० | ४७२५० |
| | उद्घाटन तथा समापन कार्यक्रम | ११ जना | १००० | ७०० | ३३०० |
| १०।२०७८।७।१२ | स्वास्थ्यको वार्षिक समिक्षा गोष्ठी | ३० जना | १००० | ७०० | ९००० |
| ४२४।२०७९।३।१० | राजस्व परिचालन तथा बेरुजु सम्बन्धी ५ दिनेतालिम | ४३ जना | १००० | ७०० | ६४५०० |
| ४८१।२०७९।३।१९ | नेतृत्व क्षमता विकास सम्बन्धी २ दिने तालिम | ४२ जना | १००० | ७०० | २५२०० |
| जम्मा रु | | | | | २५३७२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.५ | | | **प्रशिक्षण भत्ताः** नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालिन निर्देशिका, २०७७ मा तालिम केन्द्र बाहेक अन्य निकायद्वारा सञ्चालित सबै प्रकारका तालिममा स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक गाउँपालिका स्तरका लागि अधिकृत स्तरीय तालिममा कार्यपत्र वापतको रकम रु. १,०००।- तथा कक्षा सञ्चालन वापतको प्रति कक्षा रकम रु. ४०० तथा सहायक स्तरीय तालिममा कार्यपत्र वापतको प्रति कक्षा रकम रु. ७०० तथा कक्षा सञ्चालन वापतको प्रति कक्षा रकम रु. ६०० का दरले दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार तालिम कार्यक्रमका लागि तोकिएको नर्म्स भन्दा बढी भुक्तानी दिएको रकम रु. ७०,९८०।- सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रु. | ७०,९८० |

| भौ नं / मिति | नाम | पद | सेसन | दिएको दर | दिनुपर्ने दर | बढी भुक्तानी रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९८।२०७८।९।१ | घनश्याम रिजाल | | ४ | १५०० | ७०० | २३०० | राजस्व सम्बन्धी तालिममा प्रशिक्षण |
| ११९।२०७८।९।१६ | निर्मला कुमारी आचार्य | समविनि | ५ | १५०० | ७०० | २८७५ | महिनावारी तथा सरसफाई कार्यक्रम |
| | झक्क प्रसाद रिजाल | हे अ | ५ | १५०० | ७०० | २८७५ | |
| ४०१।२०७९।३।७ | पूर्ण बहादुर वि क | प्र प्र अ | ३ | १५०० | ७०० | १७२५ | खानेपानी सम्बन्धी कार्यक्रम |
| | प्रकाश भट्टराई | प्रा स | २ | १५०० | ७०० | ११५० | |
| | विष्णुदेव गिरी | | १ | १५०० | ७०० | ५७५ | |
| | गणेश प्रसाद अधिकारी | | १ | १५०० | ७०० | ५७५ | |
| | बम बहादुर कार्की | | ५ | १५०० | ७०० | २८७५ | |
| | इन्द्राकुमारी कार्की | | २ | १५०० | ७०० | ११५० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३९९।२०७९।३।७ | हरि बहादुर थापा | अ छैठौं | २ | १५०० | ७०० | ११५० | | |
| | | | | शैलेन्द्र कुमार थापा | स इ प्र | ५ | १५०० | ७०० | २८७५ | | |
| | | | | प्रकाश भट्टराई | प्रा स | २ | १५०० | ७०० | ११५० | | |
| | | | | जगत बहादुर विष्ट | प स्वा प्रा | ४ | १५०० | ७०० | २३०० | | |
| | | | | केशव शर्मा | ना प्रा स | ३ | १५०० | ७०० | १७२५ | | |
| | | | २२७।२०७८।१२।३ | विशाल आचार्य | पहिचान नखुलेको | ६ | ३४०० | १००० | ११३४० | न्यायमा पहँच कार्यक्रममा प्रशिक्षण | |
| | | | | विन्दुलाल रेग्मी | पहिचान नखुलेको | ६ | ३४०० | १००० | ११३४० | | |
| | | | १३।२०७८।८।३ | प्रकाश भट्टराई | प्रा स | २ | १५०० | ७०० | ११५० | किसान सूचीकरण तालिममा प्रशिक्षण | |
| | | | | बल बहादुर विष्ट | स पा | ३ | १५०० | ७०० | १७२५ | | |
| | | | | जगत बहादुर विष्ट | ना प स्वा प्रा | २ | १५०० | ७०० | ११५० | | |
| | | | | दिपेन्द्र बहादुर थापा | ना प स्वा प्रा | ५ | १५०० | ७०० | २८७५ | | |
| | | | ५२४।२०७९।३।२३ | पूर्ण बहादुर वि क | प्र प्र अ | ५ | १५०० | ७०० | २८७५ | सहकारी क्षमता विकास तालिम प्रशिक्षण | |
| | | | | हरि बहादुर थापा | अ छैठौं | ५ | १५०० | ७०० | २८७५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तालिका तल) | |
| ५९.६ | | | **विल भरपाई वेगर भुक्तानीः** आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याई गर्ने बील भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । यसका साथै सोही नियमावलीको ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक बील, भरपाई, र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।पालिकाले निम्नानुसारका सामाग्री खरिद गरको तर वितरण गरेको प्रमाण नरहेकोले पशुपंक्षी विकास शाखालाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु. | १४,०२० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शैलेन्द्र कुमार थापा | स इ प्र | ५ | १५०० | ७०० | २८७५ | |
| | जेठ बहादुर बुढा | लेखापाल | ५ | १५०० | ७०० | २८७५ | |
| ४८१।२०७९।३।१९ | पूर्ण बहादुर वि क | प्र प्र अ | २ | १५०० | ७०० | ११५० | प्रतिनिधिहरुको क्षमता विकास तालिम |
| | हरि बहादुर थापा | अ छैठौं | १ | १५०० | ७०० | ५७५ | |
| | चेतन लामिछाने | ना सु | १ | १५०० | ७०० | ५७५ | |
| | शैलेन्द्र कुमार थापा | स पा | २ | १५०० | ७०० | ११५० | |
| | गणेश प्रसाद रिजाल | स पा | २ | १५०० | ७०० | ११५० | |
| जम्मा रु | | | | | | ७०९८० | |

| भौ नं।मिति | कार्यक्रम | खरिद विवरण | परिमाण | दर | वितरण गर्न वाँकी | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3">५२८।२०७९।३।२३</td><td rowspan="3">डाले तथा बहुवर्षीय घाँसको विरुवा वितरण</td><td>सुपर नेपियर</td><td>१००००</td><td>१०</td><td>६४०</td><td>६४००</td><td>वितरण नगरेको</td></tr>
<tr><td>किम्बु</td><td>३०००</td><td>३०</td><td>२४०</td><td>७२००</td><td>वितरण नगरेको</td></tr>
<tr><td>मोलाटी</td><td>७५००</td><td>१</td><td>४२०</td><td>४२०</td><td>वितरण नगरेको</td></tr>
<tr><td colspan="6">जम्मा रु</td><td>१४०२०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फः</td><td></td></tr>
<tr><td>६०.१</td><td></td><td></td><td>सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०.२</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ बढी निकासा – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले एम आई एस मा प्राप्त विवरण भन्दा बढी भुक्तानी दिएको रकम संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं</th><th>किसिम</th><th>एम आई एस अनुसार</th><th>बढी भुक्तानी संख्या</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td rowspan="2">३</td><td>जेष्ठ नागरिक</td><td>१९२</td><td>४</td><td>१२०००</td><td>४८०००</td></tr>
<tr><td>जेष्ठ नागरिक एकल महिला</td><td>३०</td><td>३</td><td>७९८०</td><td>२३९४०</td></tr>
</table>
</td><td>२८६,७४८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विधवा | ४१ | १ | ७९८० | ७९८० | |
| | | | ६ | अति अशक्त अपांग | ४१ | १ | ६३८० | ६३८० | |
| | | | | एकल महिला | २० | २ | ७९८० | १५९६० | |
| | | | ५ | ज्येष्ठ नागरिक | १११ | १ | १२००० | १२००० | |
| | | | | क्षेत्र तोकिएका बालबालिका | २८२ | १ | १५९६ | १५९६ | |
| | | | | दलित बालबालिका | ११७ | ४ | १५९६ | ६३८४ | |
| | | | ४ | अन्य ज्येष्ठ नागरिक | १३१ | १ | १२००० | १२००० | |
| | | | २ | विधवा | ३२ | १ | ७९८० | ७९८० | |
| | | | | ज्येष्ठ नागरिक दलित | १२ | १ | ७९८० | ७९८० | |
| | | | | ज्येष्ठ नागरिक | १०१ | ३ | १२००० | ३६००० | |
| | | | | दलित बालबालिका | ७१ | २ | १५९६ | ३१९२ | |
| | | | | एकल महिला | १८ | ६ | ७९८० | ४७८८० | |
| | | | १ | क्षेत्र तोकिएका बालबालिका | २२१ | २ | १५९६ | ३१९२ | |
| | | | ७ | पूर्ण अपांग | १४ | २ | ११९७० | २३९४० | |
| | | | | अति अशक्त अपांग | ३१ | १ | ६३८४ | ६३८४ | |
| | | | | विधवा महिला | ३३ | २ | ७९८० | १५९६० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा रु \| २८६७४८<br><br>मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नु पर्ने व्यवस्था छ। तर गाउँपालिकाले मूल अभिलेख किताब अद्ध्यावधिक गरेको देखिएन । साथै वडा स्थित कार्यालयले मूल अभिलेख किताब समेत राखेको नपाइएकोले सामाजिक सुरक्षा सम्बन्धी विवरण यकिन हुन सकेन । | |
| ६०.३ | | | **विवरण पेश तथा समिक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानीय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगर सभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन । | |
| ६०.४ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन । | |
| ६१ | | | **छोरी सुरक्षा कार्यक्रमः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बैंक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम सन्चालन कार्यविधि, २०७६ को दफा ४ मा वि. सं. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मिएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु. १,०००।- र त्यसपछि मासिक रु. ५,०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यमिक तहसम्मको अध्ययन पूरा नगरेमा वा अध्ययन विचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलब्ध नगराउने समेत उल्लेख भएबाट पालिकाले रकम बैंक खातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनु जरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र बनाउनु पर्नेमा पालिकामा २४७ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रु. १७ लाख ३ हजार रकम पठाएको हुँदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |
| ६२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>**पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ४ को अनुसूची १(२) अनुसार बार्षिक आयमा कर गणना गरि भुक्तानी दिँदा कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाको रोजगार संयोजक शंकर योगीको पारिश्रमिक कर रु. १२,९३४।- कट्टी नगरेकोले असुल गर्नुपर्ने रु. | १२,९३४ |
| ६३ | | | **कर विजकः** | |
| ६३.१ | | | **नन फाईलर**: मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ । पालिकाले सुलोचना एण्ड सुकृति निर्माण सेवालाई २०७८।१०।२५ मा विजक नं ७ बाट मूल्य अभिवृद्धि कर रु. ५४,६३२।– समेत रु. ४,२०,२४०।– भुक्तानी गरकोमा सो फर्म वि. सं. २०७८ जेठ देखि नन फाईलर रहेको देखिदा मुल्य अभिवृद्धि कर रकम रु. ५४,६३२।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ५४,६३२ |
| ६३.२ | | | **बेरितको कर विजकः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) वमोजिमको ढाँचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो भौ नं २१६ मिति २०७९।२।२४ को विजक नं ४५६ बाट अल्फा व्रदर्श (६०३४५२०९७) लाई मूल्य अभिवृद्धि कर रु. १,१४,४६७।- समेत रु. ८,८०,५१८।- भुक्तानी | ११४,४६७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरकोमा सो फर्मले जारी गरेको विजकमा नम्वर केरमेट गरेको देखिएकोले मुल्य अभिवृद्धि कर रकम रु.१,१४,४६७।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>मुख्यमन्त्रि रोजगार कार्यक्रमः<br><br>बढी भुक्तानी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाँचको गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले मुख्यमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत निम्नानुसारको योजना संचालन गर्दा आवश्यक पर्ने भन्दा बढी सामान खरिद गरी थप रु. ४,२०,०००।- बढी भुक्तानी गरेको देखिएकोले सम्बन्धित रोजगार समितिबाट असुल गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>सामग्रीको नाम</th><th>दर</th><th>खरिद गरेको</th><th>खरिद गर्नु पर्ने</th><th>फरक</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>पानी पोखरा महादेव थान भैरव स्थान मेसेरी हुदै बग्रेखोला सम्म पदमार्ग</td><td>सिमेन्ट</td><td>१०००</td><td>८००</td><td>६२९</td><td>१७१</td><td>१७१०००</td></tr>
<tr><td>२</td><td>श्रीमास्टा भण्डारी गाउँ बडिमुल पदमार्ग</td><td>सिमेन्ट</td><td>१०००</td><td>६२८</td><td>३७९</td><td>२४९</td><td>२४९०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>४२००००</td></tr>
</table>
</td><td>४२०,०००</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>आय ठेक्कामा मूल्य अभिवृद्धि करः</td><td>२२१,१३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५ (३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असूल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा निम्नानुसार मुल्य अभिवृद्धि कर रु. २,२१,१३०।- असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.<br><table><tr><th>क्र.सं.</th><th>व्यवसायी</th><th>कबोल रकम</th><th>मूअकर</th></tr><tr><td>1</td><td>ओम विल्डर्स</td><td>१५०१०००</td><td>१९५१३०</td></tr><tr><td>2</td><td>के सी निर्माण सेवा</td><td>२०००००</td><td>२६०००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>२२११३०</td></tr></table></td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>विपद व्यवस्थापनः<ul><li>समिति गठन- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</li><li>कार्य योजना- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको</li></ul></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।<br><br>• **विपद व्यवस्थापन कोषः** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३ १४ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने काम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले यस वर्षको आम्दानी रु ३० लाख र रु ५ लाख ४६ हजार खर्च गरी बाँकी रु २४ लाख ५३ हजार मौज्दात देखिन्छ । कोष संचालन निर्देशिका लगायत कानून बनाएर मात्र आम्दानी खर्च गर्नुपर्दछ ।<br><br>• **वार्षिक प्रतिवेदन-** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६७ | | | **सामग्री वितरणः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय मर्मत तथा रंग रोगनबाट रकमान्तर गरी ब्याग, पावरबैंक तथा पेनड्राईभ लगायतका सामग्री खरिद गर्न वडा सचिव श्री नमराज थापालाई रु.१,००,०००।- भुक्तानी गरेको छ । उक्त सामग्रीहरू वडाध्यक्ष र कर्मचारीलाई वितरण गरेको छ । पुँजीगत बजेट रकमान्तर गरी नपाउने सुविधाको सामान खरिद गरी वितरण गर्न मिल्ने नदेखिएकोले सो रकम असुल फिर्ता गर्नुपर्ने रु. | १००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **क्षतिपूर्ति:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर मात्र निर्माण कार्यको थालनी गर्नुपर्दछ । काम गर्ने क्रममा कुनै दुर्घटना भएमा विमा कम्पनीले क्षतिपूर्ति बेहोर्नु पर्दछ। पालिकाले विद्युत विस्तार गर्ने क्रममा रेणु कन्स्ट्रक्सन ललितपुर द्वारा काममा लगाईएका कामदार पुस्कर कुमार थापाको दुर्घटनामा परी निधन भएकोमा क्षति पूर्तिको सम्पूर्ण रकम निर्माण व्यवसायी र विमा कम्पनीले व्यहोर्नुपर्नेमा पालिकाले क्षति पुर्ति वापत रु. ५ लाख भुक्तानी गरेको देखिएकोले उक्त रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु. | ५००,००० |
| ६९ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजुः** | |
| ६९.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याई गर्ने बील भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । यसका साथै सोही नियमावलीको ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बील, भरपाई, र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने कुरा उल्लेख गरेको छ । पालिकाले निम्नानुसारका भुक्तानी दिँदा बिल भरपाई संलग्न नरहेकोले असूल गर्नुपर्ने रु. | २९,६४५ |

| भौ नं / मिति | जिम्मेवार व्यक्ति वा संस्था | विवरण | भुक्तानी रु |
|---|---|---|---|
| २०४।२०७९।३।२३ | भगवति पशुपालन फर्म | बढी भुक्तानी | ४९० |
| १४२।२०७९।३।५ | चक्र बहादुर भण्डारी | कार्यालय सामाग्री | २७३४६ |
| १७०।२०७८।१०।२४ | लक्ष्मी कुमारी महतारा | कार्यालय व्यवस्थापन खर्च | १८०९ |
| जम्मा रु | | | २९६४५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६९.२</td><td>203</td><td>२०७९-३-२२</td><td>पञ्जिकरण सम्बन्धी अभिमुखीकरण ३ दिनको तालिममा सहायक पाँचौ शैलेन्द्र कुमार थापालाई १ दिन बढिको भत्ता भुक्तानी गरीएकोले सम्बन्धित बाट असुल गर्नुपर्ने रु.</td><td>१,२७५</td></tr>
<tr><td>६९.३</td><td>300</td><td>२०७९-३-१४</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १ मा खरिद सम्झौता अनुसार रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरि नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । मिसन कस्ट्रक्सन प्रा. ली. ले रु. ८,९०,०३१।- बरावरको भ्याट विल पेश गरेको पाईयो । कार्य सम्पन्न विलमा भुक्तानी रकम करसहित रु. ९,२९,४१२।- भएको देखिन्छ । भ्याट विल र कार्यसम्पन्न प्रतिवेदनमा भएको फरक असुल गर्नुपर्ने रु.</td><td>३९,३८१</td></tr>
<tr><td>६९.४</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन विल भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नअनुसारको योजना सम्पन्न गर्दा प्राविधिक मुल्याङ्कन सहितको सम्पन्न प्रतिवेदनमा उल्लेख भएको भन्दा निम्न उपभोक्ता समितिको खातामा बढि रकम गएको देखिन्छ । उक्त रकम असूल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र स</th><th>गो भौ नं</th><th>योजनाको नाम</th><th>कार्यसम्पन्न प्रतिवेदन तथा विल भरपाइमा भएको रकम</th><th>भुक्तानी भएको रकम</th><th>कैफियत</th></tr>
</table>
</td><td>९१,९३८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ७५ | जुकेपानी खानेपानी निर्माण समिति | ८७,२६८ | ९३,७८७ | ६,५१९ | |
| ८ | १२९ | पंचकोशी पदमार्ग गोरेटो बाटो मर्मत | ४,०९,४९० | ४,६९,३६६ | ५९,८७६ | |
| ११ | २२४ | वडा कार्यालय घेरावार उ स | ३,२६,०८९ | ३,३२,५०० | ६,४११ | |
| १२ | २५८ | पिपलडाँडा मिजारखोला खानेपानी योजना | १,३८,४८६ | १,३८,५०० | ४,०१४ | |
| १८ | ३७ | साना सिँचाइ पूर्वाधार निर्माण | २,४३,०१६ | २,५८,१३४ | १५,११८ | |
| | | जम्मा रु | | | ९१,९३८ | |

| | | | | |
|---|---|---|---|---|
| ६९.५ | 6 | २०७८-५-९ | आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा नियमानुसार करकट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालय पुर्वाधार निर्माण वापतको रु. १२,१९,४८९।- नेपाल राष्ट्रिय आधारभूत विद्यालय कोइरालागाँउलाई भुक्तानी गर्दा नियमानुसार करकट्टी नगरेको रु. ४२,१२०।- दाखिला गर्नुपर्ने रु. | ४२,१२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **विद्युत विस्तार:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्झौता बमोजिम सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले विद्युत प्राधिकरण दैलेखले पठाएको स्टिमेटको आधारमा रु.१०,०६,९७७।- भुक्तानी गरेकोमा सो रकम बाट के कस्तो काम भयो सो खुल्ने गरीको कार्यसम्पन्न पेश गर्नुपर्ने देखिएको रु. | १,००६,९७७ |
| ७१ | | | अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फर्छ्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फर्छ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>रकम रु हजारमा<br><table><tr><td>गत वर्षसम्मको बेरुजू (A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</td><td>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</td></tr><tr><td>**१८५६५९**</td><td>**०**</td><td>**१८५६५९**</td></tr></table> | |